# सडक बोर्ड नेपाल

खण्ड (क) सडक बोर्ड ऐन, २०५८

खण्ड (ख) सडक बोर्डको नियमावली, २०६०

खण्ड (ग) सडक बोर्डको निर्देशिका, २०६१

खण्ड (घ) सडक दस्तूर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६०

खण्ड (ङ) सडक बोर्डको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५९

खण्ड (च) सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धी (पहिलो संशोधन) नियमावली- २०६३

# सडक बोर्ड नेपाल

खण्ड (क) सडक बोर्ड ऐन, २०५८

खण्ड (ख) सड़क बोर्डको नियमावली, २०६०

खण्ड (ग) सडक बोर्डको निर्देशिका, २०६१

खण्ड (घ) सडक दस्तूर उठाउने कार्यविधि सम्बन्धी निमावली, २०६०

खण्ड (ङ) सडक बोर्डको आर्थिक प्रशासन सम्बन्धी निमावली, २०५९

खण्ड (च) सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धी (पहिलो संशोधन) नियमावली २०६३

# दिगो सडक मर्मतको लागि सडक बोर्ड नेपाल

सामान्य सडक सेवा प्रदान गर्न आवश्यक श्रोत र प्राविधिक क्षमता धेरैजसो विकाशोन्मुख राष्ट्रहरुको पहुँच बाहिर रहेको यथार्थ विभिन्न अध्ययनहरुले प्रष्ट्याउँछ। सडक मर्मतको लागि दिनानुदिन बढ्दै गएको आर्थिक श्रोतको माग र सरकारी क्षेत्रबाट विनियोजित हुने रकम बीचको फरक, सडक मर्मत तर्फ ईच्छाशक्तिको कमी र सम्बन्धित निकायहरुको व्यवस्थापन प्रणालीमा समय सापेक्षा सुधारको कमी मुख्य चुनौतीको रुपमा रहेका हुन्। यी चुनौतीहरुलाई आत्मसाथ गरी सरकारी निजी सहकार्यमा आधारित सुधारको संरचना, नयाँ विकसित प्रकृयाहरु र अन्य देशहरुले प्राप्त गरेको अनुभवको आधारमा "सडक बोर्ड ऐन २०५८" अन्तर्गत सडक बोर्डको गठन भएको छ। दिगो सडक मर्मत कोष स्थापित गरी योजनावद्ध रुपमा सडकको मर्मत संभार गर्न र कम मूल्यमा अविच्छिन्न, सुविधाजनक र सुरक्षित सडक यातायात सेवा प्रदान गर्न सडक बोर्ड नेपाल क्रियाशिल छ। यस बोर्डले मर्मत संभार कार्य गर्न सडक सम्बन्धी निकायहरुलाई रकम उपलब्ध गराउँछ। सडक उपभोगकर्ताहरु प्रत्यक्ष उपभोग दस्तुर वा अप्रत्यक्ष कर तिरेर सडक संभारमा सहभागी हुनेछन्। विभिन्न क्षेत्रबाट प्रतिनिधिमूलक सहभागिता भएको यस बोर्डको संरचनाले नै उत्तरदायी, नतिजामूलक र पारदर्शी व्यवस्थापनको सुरुवात गरेको छ। यस प्रकारको सुधारद्वारा अन्य राष्ट्रहरुले सडक व्यवस्थापनमा हाँसिल गरेको सकारात्मक नतिजा सडक बोर्डले यहाँ पनि उपलब्ध गर्ने लक्ष्य राखेको छ।

सन् २००० को पुनर्निर्माण मूल्यको आधारमा नेपालमा रहेको करिव रु. १०० अरबको सडक सम्पत्तिको संरक्षण गर्नु एक प्रमुख दायित्व र चुनौती हो। "समयमा गरिएको साधारण मर्मतले महङ्गा ठूला मर्मतको आवश्यकतालाई धेरै पछाडि धकेल्न सकिन्छ" भन्ने मान्यतामा सडक बोर्ड रहेको छ। साथै मर्मत योग्य हालतमा नभएका सडकको मर्मत गर्नु भनेको आर्थिक श्रोतको गलत प्रयोग हो भन्ने सिद्धान्त पनि यस बोर्डको रहेको हुनाले मर्मत योग्य नभएका सडकहरुलाई सडक बोर्डले सम्बोधन गर्ने गरेको छैन। मर्मत कार्य सडक सम्बन्धि निकायहरुबाटै सम्पादित हुन्छन् र त्यसको अनुगमन मुल्यांकन यस बोर्डले गर्दछ। सडक सम्बन्धि निकाय भन्नाले प्रमुख राजमार्ग र सहायक राजमार्ग रहेको सामरीक महत्वको संजालको लागि सडक विभाग रहेको छ भने सहरी सडकको लागि नगरपालिका र जिल्ला तथा ग्रामीण सडकको लागि जिविस रहेका छन्। स्थानीय सडक मर्मतको वार्षिक कार्यक्रम तयारी तथा संचालनमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग मार्फत सञ्चालन गरिने प्रावधान रहेको छ। आपूर्ति भन्दा माग बढी हुने कुरा स्वभाविक भएकोले प्राथमिकताका आधारहरु तोकिएका छन्। बोर्डले क्रमश: नियमित, पटके र आवधिक मर्मतलाई प्राथमिकता दिन्छ भने साधारण*आकस्मिक मर्मतलाई छुट्टै प्रकृयाद्वारा सम्बोधन गर्दछ। महङ्गो पुनर्स्थापना, पुनर्निर्माण र स्तरबृद्धिको कार्यहरु अन्तिम प्राथमिकतामा पर्दछन्।

यस बोर्डलाई संस्थागत रुपमा विकास गर्न विद्यमान चुनौतीहरुमा सबैभन्दा पहिला यस बोर्डका सरोकारवालाहरु बीच पर्याप्त जानकारीको अभाव देखिएको हुनाले यस प्रकाशन मार्फत बोर्डसँग सम्बन्धित ऐन, नियमावली र निर्देशिकामा थप सडक दस्तुर उठाउने कार्य विधि सम्बन्धि (पहिलो संशोधन) नियमावली २०६३, आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५९ र सडक दस्तुर उठाउने सम्बन्धी नियमावली २०६० समेत संलग्न गरी तेस्रो संस्करणको रुपमा प्रस्तुत गर्ने जमर्को सडक बोर्डले गरेको छ। यस पुस्तिकामा कुनै कमी कमजोरीहरु भए सो बारे पृष्ठपोषण हुन सरोकारवालाहरुलाई अनुरोध गरिन्छ। अन्त्यमा सबै सरोकारलाहरुको समय समयमा यथेष्ट सहयोग प्राप्त भई दिगो रुपमा सडक मर्मत गर्न पूर्ण सक्षमताका साथ सडक बोर्ड अघि बढ्ने छ भन्ने विश्वासका साथ हामी कार्यरत छौं।

**दीपकनाथ चालिसे**
**कार्यकारी निर्देशक**
**सडक बोर्ड नेपाल**

# खण्ड (क)

## सडक बोर्ड ऐन, २०५८

# नेपाल राजपत्र

श्री ५ को सरकारद्धारा प्रकाशित

खण्ड ५२ , काठमाण्डौं, असार २४ गते २०५९ साल -अतिरिक्ताङ्क ३०(क)

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालका पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको ऐन नं. २५

# सडक बोर्डको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०५८

**प्रस्तावना :** सडकको मर्मत सम्भार गराउने, सडकको मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्ने तथा सडकको मर्मत सम्भार कार्यलाई पारदर्शी एवं प्रभावकारी बनाउने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सडक बोर्ड ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सडक" भन्नाले सार्वजनिक सडक ऐन, २०३१ वमोजिमको सार्वजनिक सडक सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले दफा ३ वमोजिम स्थापना भएको सडक बोर्ड सम्झनु पर्छ ।

(ग) "दस्तुर" भन्नाले दफा ६ वमोजिम लगाइएको दस्तुर सम्झनु पर्छ ।

(घ) "सवारी साधन" भन्नाले यान्त्रिक शक्तिवाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(ङ) "मर्मत सम्भार" भन्नाले सडकलाई बोर्डले तोकेको स्तर अनुरुप गरिने सडकको मर्मत सम्भार कार्य सम्झनु पर्छ ।

(च) "सडक सम्वन्धी निकाय" भन्नाले सडकको मर्मत संभार कार्य गर्ने निकाय सम्झनु पर्छ र सो शव्दले स्थानीय निकाय समेतलाई जनाउँछ ।

(छ) "इन्धन" भन्नाले सवारी साधनमा प्रयोग हुने पेट्रोल र डिजेल सम्झनु पर्छ र सो शब्दले ग्यास वा अन्य इन्धन समेतलाई जनाउँछ ।

(ज) "समिति" भन्नाले दफा ८ वमोजिम गठित कार्यकारी समिति सम्झनु पर्छ ।

(झ) "कार्यकारी निर्देशक" भन्नाले दफा २१ वमोजिम नियुक्त बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ट) "कोष" भन्नाले दफा २४ वमोजिमको बोर्डको कोष सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत वनेको नियम वा विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२
## बोर्डको स्थापना र काम, कर्तव्य र अधिकार

३. **बोर्डको स्थापना :** (१) सडकको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न तथा सडकमा चल्ने सवारी साधनहरुमा दस्तुर लगाई उठाउने व्यवस्था गर्न सडक बोर्डको स्थापना गरिएको छ ।

(२) बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकता अनुसार नेपाल अधिराज्यभित्र शाखा कार्यलय वा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

४. **बोर्ड स्वशासित संस्था हुने :** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारवाहीको निमित्त आफनो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफनो नामवाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **बोर्डको काम, कर्तव्य र अधिकार :** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सडकको मर्मत सम्भार गराउने,

(ख) यस ऐन वमोजिम सडक उपभोग गरे वापत लाग्ने दस्तुर वा अन्य थप दस्तुर लिने तथा जरिवाना असुलउपर गर्ने,

(ग) यस ऐन वमोजिम लिइने सडक वा इन्धन दस्तुर निर्धारित मापदण्ड विपरित सवारी साधन चलाए वापत लिइने थप दस्तुर र जरिवाना निर्धारण गर्ने विषयमा श्री ५ को सरकार समक्ष पेश गर्ने,

(घ) दस्तुर निर्धारण गर्ने सम्वन्धमा श्री ५ को सरकारलाई सुझाव दिने,

(ङ) सडक मर्मत सम्भार सम्वन्धी एकीकृत वार्षिक कार्यक्रम वनाउने,

(च) सडक सम्वन्धी निकायलाई सडकको मर्मत सम्भार गर्नको लागि रकम उपलव्ध गराउने,

(छ) यस ऐन वमोजिम उठाइएको दस्तुर जुन सडकवाट उठाइएको हो सो दस्तुरको तोकिएको प्रतिशतले हुने रकम सोही सडकको मर्मत सम्भारमा खर्च गर्ने,

(ज) तोकिए वमोजिम सडकको पुननिर्माण, पुनर्स्थापना तथा स्तरवृद्धि गराउने,

(झ) सडक मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत्सम्वन्धी कार्य योजना वनाउने,

(ञ) तोकिएको आधारमा सडकको चयन गरी सुरक्षा गराउने,

(ट) सडकको मर्मत सम्भारको लागि लाग्ने रकम कुनै निकाय वा संस्था र श्री ५ का सरकाले व्यहोर्ने गरी श्री ५ को सरकार र त्यस्तो निकाय वा संस्थाकावीच सम्झौता भएकोमा श्री ५ को सरकारको तर्फवाट खर्च गर्नुपर्ने रकम

बोर्डले व्यहोर्ने,

(ठ) सडक मर्मत सम्भार कार्यलाई प्रभावकारी वनाउने,

(ड) बोर्डको वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ढ) तोकिए वमोजिमका अन्य काम गर्ने गराउने ।

६. **दस्तुर लगाउने :** (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको सडक उपभोग गर्ने सवारी साधनलाई सो सूचनामा तोकिए वमोजिमको दस्तुर लगाउन सक्नेछ ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ताकिदिएको देहाय वमोजिमको दस्तुर बोर्डले असुलउपर गर्ने वा गराउनेछ :-

(क) सडक उपभोग गरे वापतको दस्तुर,

(ख) सवारी साधनमा प्रयोग हुने इन्धनमा लगाइएको दस्तुर,

(ग) सवारी दर्ता प्रमाणपत्रमा लगाइएको दस्तुर,

(घ) विदेशमा दर्ता भएका नेपाल अधिराज्यभित्र प्रवेश गर्ने सवारी साधनमा लगाइएको दस्तुर ।

७. **दस्तुर उठाउने :** (१) दफा ६ वमोजिम लगाएको दस्तुर बोर्डले उठाउने छ ।

(२) उपदफा (१) बमोजिम दस्तुर उठाउने सम्वन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (१) र उपदफा (२) को खण्ड (ख) र (घ) वमोजिमको दस्तुर बोर्डले उचित देखेमा तोकिएको प्रक्रिया अपनाई कुनै व्यक्ति वा संस्था मार्फत उठाउन सक्नेछ ।

## परिच्छेद–३
## कार्यकारी समितिको गठन तथा वैठक सम्वन्धी

८. **कार्यकारी समितिको गठन :** (१) यस ऐन वमोजिम बोर्डले गर्ने काम कारवाही सुचारु रुपले गर्नको लागि एक कार्यकारी समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय - अध्यक्ष

(ख) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी), अर्थमन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी), स्थानीय विकास मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) महानिर्देशक, सडक विभाग - सदस्य

(च) प्रतिनिधि, गाउँ विकास समिति महासंघ - सदस्य

(छ) प्रतिनिधि, नगरपालिका संघ् - सदस्य

(ज) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(झ) प्रतिनिधि, नेपाल इन्जिनियर्स एशोसिएसन - सदस्य

(ञ) यातायात व्यवसायसँग सम्वन्धित संघ संस्थाको प्रतिनिधित्व हुने गरी बोर्डले मनोनयन गरेको एक जना - सदस्य

(ट) उपभोक्ता सम्बन्धी संघ संस्थाको प्रतिनिधित्व हुने गरी बोर्डले मनोनयन गरेको एकजना - सदस्य

(ठ) सडक यातायात क्षेत्रमा विशिष्ट अनुभव हासिल गरेका व्यक्तिहरुमध्येवाट बोर्डले मनोनयन गरेको एकजना - सदस्य

(ड) व्यावसायिक कृषकहरुमध्येवाट बोर्डले मनोनयन गरेको एकजना - सदस्य

(३) समितिका मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) समितिले सडक वा यातायात सम्वन्धी क्षेत्रमा काम गरेको कुनै विशेषज्ञ र सडक सम्वन्धी निकायको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) कार्यकारी निर्देशकले समितिको सचिव भई काम गर्नेछ ।

(६) समितिको अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

९. **सदस्यको पद रिक्त हुने अवस्था :** समितिमा मनोनीत सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछ :-

(क) निजले मनोनयन गर्ने निकाय समक्ष आफनो पदवाट राजिनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज साहूको दामासाहीमा परेमा,

(घ) निज कुनै फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरिएमा,

(ङ) बिना सूचना उचित र पर्याप्त कारण नभई निज लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(च) निजको मृत्यु भएमा ।

१०. **रिक्त स्थानको पूर्ति :** समितिको मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाले मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी रिक्त स्थानको पूर्ति गरिनेछ ।

११. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक बोलाउनको लागि लिखित रुपमा अनुरोध गरेमा समितिको अध्यक्षले पन्ध्र दिन भित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) समितिको सचिवले समितिको बैठकमा छलफल हुने विषयको सूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको निर्णय समितिको सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **समितिको बैठकमा भाग लिन नपाउने :** समितिको कुनै सदस्य समितिको बैठकमा छलफल हुने कुनै विषयसँग प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रहेमा त्यस्तो सदस्यले सो विषयमा हुने समितिको बैठकमा भाग लिन पाउने छैन ।

१३. **उपसमिति गठन गर्न सक्ने :** (१) समितिले यस ऐन बमोजिम आफनो कार्य सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद–४
## सडकको मर्मत सम्भार

१४. **सडक मर्मत सम्भार सम्वन्धी वार्षिक कार्यक्रम पेश गर्नुपर्ने :** सडक सम्वन्धी निकायले प्रत्येक वर्ष आफूले मर्मत सम्भार गर्न चाहेको सडक, त्यसको लागि आवश्यक पर्ने रँकम लगायत तोकिए बमोजिमका अन्य विवरण खुलाई तोकिएको म्यादभित्र सडक मर्मत सम्भार सम्वन्धी वार्षिक कार्यक्रम बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

१५. **एकिकृत वार्षिक कार्यक्रम बनाउने :** दफा १४ बमोजिम प्राप्त भएको वार्षिक कार्यक्रम बोर्डले आवश्यकता अनुसार पुनरावलोकन गरी सडक मर्मत सम्भार सम्वन्धी एकिकृत वार्षिक कार्यक्रम बनाउनेछ र त्यस्तो कार्यक्रमको जानकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१६. **सडक मर्मत सम्भार गर्न रकम उपलव्ध गराउने :** बोर्डले दफा १५ बमोजिमको एकिकृत वार्षिक कार्यक्रममा परेको सडकको मर्मत सम्भार गर्न सडक सम्बन्धी निकायलाई रकम उपलब्ध गराउनेछ ।

१७. **सडक मर्मत सम्भार सम्बन्धी गुणस्तर तोक्ने :** बोर्डले सडकलाई तोकिएको आधारमा

वर्गीकरण गरी सडकको मर्मत सम्भार गर्दा कायम गर्नु पर्ने गुणस्तर तोक्नेछ ।

१८. **सुपरीवेक्षण गर्न सक्ने :** (१) सडक सम्बन्धी निकायले दफा १७ बमोजिम तोकिएको गुणस्तर अनुरुप सडकको मर्मत सम्भार गरे नगरेको सम्बन्धमा बोर्डले सुपरिवेक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुपरीवेक्षण गर्दा सडक सम्वन्धी निकायले दफा १७ बमोजिम तोकिएको गुणस्तर अनुरुप सडक मर्मत सम्भार गरेको नदेखिएमा बोर्डले त्यस्तो निकायलाई गुणस्तर अनुरुप सडकको मर्मत सम्भार गराउन लेखी पठाउनु पर्नेछ र सडक सम्बन्धी निकायले बोर्डबाट लेखी आए बमोजिम सडकको मर्मत सम्भार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सडक सम्बन्धी निकायले सडकको मर्मत सम्भार नगरेमा बोर्डले त्यस्तो निकायलाई निकासा गर्न बाँकी रकम रोक्का गर्न सक्नेछ ।

१९. **विवरण माग गर्न सक्ने :** बोर्डले सडक सम्बन्धी निकायसँग सडकको मर्मत सम्भार सम्बन्धमा भए गरेको काम कारबाही र मर्मत सम्भारमा भएको खर्चको विवरण जुनसुकै बखत माग गर्न सक्नेछ र त्यस्तो विवरण उपलव्ध गराउनु सम्बन्धीत सडक सम्बन्धी निकायको कर्तव्य हुनेछ ।

२०. **कार्य सम्पन्न भएको विवरण पेश गर्नुपर्ने :** सडक सम्वन्धी निकायले सडकको मर्मत सम्भार गरिसकेपछि ततसम्बन्धी सम्पूर्ण विवरण तोकिएको ढाँचामा तयार गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५
## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

२१. **कार्यकारी निर्देशक :** (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य गर्नको लागि समितिले हाइवे इन्जिनियरिङ्ग वा व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धीत क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई खुल्ला प्रतिस्पर्धाद्धारा कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि कार्यकारी निर्देशकको पदमा पुनः नियुक्ति हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले बोर्डको हित विपरित कुनै काम कारबाही गरेमा वा समितिको नीति निर्देशन अनुरुप काम नगरेमा समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२२. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय तथा निर्देशन कार्यन्वयन गर्ने गराउने,

(ख) बोर्डको अल्पकालीन तथा दीर्घकालिन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने,

(ग) समितिवाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डको लागि आवश्यक कर्मचारी नियुक्ति गर्ने,

(ङ) समितिवाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु बोर्ड समक्ष पेश गर्ने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२३. **कर्मचारी सम्वन्धी व्यवस्था :** (१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-६
## कोष तथा लेखापरिक्षण

२४. **कोष :** (१) बोर्डको आफनो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट अनुदान स्वरुप प्रप्त रकम,

(ख) दफा ६ बमोजिम प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा ऋृण स्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतवाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि बोर्डले श्री ५ को सरकारसँग पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) कोषमा जम्मा भएको रकम समितिले तोकेको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(६) कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२५. **कोषमा प्राप्त रकमको प्रयोग :** (१)कोषमा प्राप्त रकम देहायका काममा खर्च गरिनेछ :-

(क) सडकको मर्मत सम्भार गर्न,

(ख) बोर्डले निर्धारण गरे बमोजिम लागत मूल्यमा हिस्सेदारी हुने गरी जिल्ला तथा शहरी सडकको मर्मत सम्भार गर्न,

(ग) दातृ संस्थाद्वारा सहयोग प्राप्त सडकको मर्मत सम्भार आयोजनामा श्री ५ को सरकारको तर्फबाट व्यहोरिने रकममा हिस्सेदार हुन,

(घ) बोर्डले निर्धारण गरे बमोजिम छानिएका सडक सुरक्षा आयोजनामा खर्च गर्न,

(ङ) सवारी साधनको भारवहन क्षमता तथा प्रति एक्सल वजन सम्बन्धमा निर्धारित मापदण्ड कार्यान्वयन गर्न,

(च) सडक मर्मत सम्भार तथा पुननिर्माण सम्बन्धमा अनुसन्धान गर्न,

(छ) बोर्डको काम, कर्तव्यको कार्यान्वयन तथा कोष व्यवस्थापन सम्बन्धी प्रशासकीय खर्च गर्न,

तर त्यस्तो प्रशासकीय खर्च प्रत्येक आर्थिक वर्षको कुल आय वा अनुमानित कुल आयको चार प्रतिशत भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा लेखिएको कार्यको लागि छुट्याई बढी भएको रकम कुल आय वा

अनुमानित कुल आयको पन्ध्र प्रतिशतमा नबढ्ने गरी सडक सम्बन्धी निकायको सिफारिसमा बोर्डले निर्धारण गरे बमोजिम मौजुदा सडकको स्तर वृद्धि गर्न वा सडक सम्वन्धी सानातिना कार्यमा खर्च गर्न सकिनेछ ।

२६. **ऋणपत्र वा धितोपत्रमा लगानी गर्न सक्ने :** कोषमा मौज्दात रहेको रकम बोर्डको काममा तत्काल खर्च नहुने भएमा बोर्डले त्यस्तो रकम श्री ५ को सरकारको पूर्व स्वीकृति लिई श्री ५ को सरकार वा नेपाल राष्ट्र बैङ्कबाट जारी भएको ऋणपत्र वा धितोपत्रमा लगानी गर्न सक्नेछ ।

२७. **लेखा तथा लेखापरिक्षण :** (१) बोर्डको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ । (२) बोर्डको आय व्ययको लेखापरिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-७
## सजाय, पुनरावेदन तथा अन्य व्यवस्था

२८. **सजाय :** कुनै व्यक्तिले दस्तुर नबुझाई सवारी साधन चलाएमा बोर्डले निजलाई एकहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । दस्तुर नबुझाई पुनः सवारी साधन चलाएमा निजलाई बोर्डले पटकै पिच्छे पाँचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२९. **सवारी साधनको प्रयोगमा रोक लगाउन सक्ने :** कुनै व्यक्तिले यस ऐन बमोजिम बुझाउनु पर्ने दस्तुर तथा दफा २८ बमोजिमको जरिवाना तोकिएको म्यादभित्र नबुझाएमा बोर्डले त्यस्तो दस्तुर वा जरिवाना नबुझाएसम्म निजले दस्तुर वा जरिबाना नतिरेको सवारी साधन निजले प्रयोग गर्न नपाउने गरी रोक लगाउन सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

३०. **दर्ता प्रमाणपत्र, इजाजतपत्र वा चालक अनुमतिपत्र निलम्बन वा स्थगित गर्न लेखी पठाउन सक्ने :-** कुनै व्यक्तिले दफा २८ बमोजिम लागेको जरिबाना नबुझाएमा त्यस्तो जरिबाना नबुझाएसम्मको लागि बोर्डले त्यस्तो सवारी साधनको दर्ता प्रमाणपत्र वा इजाजतपत्र स्थगित गर्न वा चालक अनुमतिपत्र निलम्बन गर्न सम्वन्धीत निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्वन्धित निकायले पनि सम्बन्धित सवारीको दर्ता प्रमाणपत्र वा इजाजतपत्र स्थगित गर्न वा चालक अनुमतिपत्र निलम्बन गरी दिन पर्नेछ ।

३१. **सवारी साधन लिलाम बिक्री गर्न सक्ने :** कुनै व्यक्तिले यस ऐन बमोजिम बुझाउनु पर्ने दस्तुर वा जरिबाना म्यादभित्र नबुझाएमा बोर्डले तोकिए बमोजिम निजको सवारी साधन लिलाम बिक्री गरी निजले तिर्नु पर्ने दस्तुर वा जरिबाना असूल गर्न सक्नेछ ।

३२. **पुनरावेदन :** दफा २८ वा २९ बमोजिम बोर्डले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतिस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-८
## विविध

३३. **सहयोग गर्नु पर्ने :** बोर्डको कार्य सञ्चालनको सिलसिलामा बोर्डबाट सहयोग माग भएमा सम्बन्धित निकायले बोर्डलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

३४. **बोर्डको विशेष अधिकार :** बोर्डले सडक मर्मत सम्भारको लागि रकम उपलव्ध गराएका सडक सम्वन्धी निकायसँग आफूले निकासा दिएको रकमको खर्च सम्बन्धी आवश्यक विवरण माग गर्न सक्नेछ ।

३५. **काम कारवाही पारदर्शी हुनु पर्ने :** (१) बोर्डको काम,कारवाही, लेखा तथा आर्थिक प्रशासनसँग सम्बन्धित कुरा पारदर्शी हुनु पर्नेछ ।

(२) बोर्डबाट हुने खरिद-विक्री वा ठेक्कापट्टा सम्बन्धी कुराहरु सार्वजनिक वोलपत्रद्धारा खुला प्रतिस्पर्धात्मक प्रक्रिया अपनाई गर्नु पर्नेछ ।

(३) बोर्डको आय-व्यय विवरण, वासलात तथा वार्षिक प्रतिवेदन कुनै व्यक्तिले लिन चाहेमा बोर्डले तोके बमोजिमको दस्तुर तिरी त्यसको प्रतिलिपि प्राप्त गर्न सक्नेछ ।

३६. **स्वीकृति लिनुपर्ने :** बोर्डले आफनो नाममा रहेको कुनै अचल सम्पत्ति बिकी गर्नु पूर्व श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

३७. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** (१) बोर्डले वर्षभरिमा आफूद्वारा भए गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वार्षिक प्रतिवेदनलाई बोर्डले सर्वसाधारणको जानकारीको लागि राष्ट्रिय स्तरको पत्रपत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

३८. **अधिकार प्रत्यायोजन :** (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कार्यकारी निर्देशक वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अन्तर्गतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. **श्री ५ को सरकारले निर्देशन दिन सक्ने :** सडक मर्मत सम्भार सम्वन्धी कार्यलाई प्रभावकारी बनाउनको लागि श्री ५ को सरकारले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

४०. **श्री ५ को सरकारसाग सम्पर्क :** बोर्डले श्री ५ को सरकारसँग सम्पर्क राख्दा भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४१. **निर्देशिका बनाउन सक्ने :** बोर्डका काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

४२. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आवश्यक नियम वनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सराकारवाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी बोर्डले देहायका विषयमा नियम बनाउन सक्नेछ :-

(क) बोर्डको कार्यकारी निर्देशक र कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तका सम्वन्धमा,

(ख) कोषको रकमको प्रयोग र सञ्चालन सम्वन्धमा,

(ग) सडक मर्मत सम्भारको लागि रकम निकासा दिने तथा कोषको आर्थिक कार्यविधि सम्वन्धमा,

(घ) बोर्डको काम कारवाही, लेखा तथा आर्थिक प्रशासन तथा सडक मर्मत सम्भार तथा अन्य काम गर्दा अपनाउनु पर्ने तरिकाको सम्वन्धमा,

(ङ) अन्य आवश्यक कुराहरुका सम्वन्धमा ।

४३. **विनियम बनाउने अधिकार :** यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही बोर्डले आवश्यक विनियम बनाउन सक्नेछ ।

४४. **खारेजी र बचाउ :** (१) सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ खारेज गरिएको छ । (२) सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ बमोजिम भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछन् ।

लालमोहर सदर मिति :- २०५९।३।२४।२

आज्ञाले,
**उदय नेपाली श्रेष्ठ**
**श्री ५ को सरकारको सचिव**

# खण्ड (ख)

## सडक बोर्ड नियमावली, २०६०

# सडक बोर्ड नियमावली, २०६०

सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको स्वीकृति लिई सडक बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सडक बोर्ड नियमावली, २०६०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सडक बोर्ड ऐन,२०५८ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले बोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "सडक सम्बन्धी निकाय" भन्नाले देहायको सडकको लागि देहायको निकाय सम्झनु पर्छ-

(१) राजमार्ग तथा सहायक राजमार्गको लागि श्री ५ को सरकार, सडक विभाग,

(२) शहरी मार्गको लागि नगरपालिका,

(३) जिल्ला मार्ग, ग्रामीण तथा कृषि सडकको लागि जिल्ला विकास समिति ।

(घ) "नियमित मर्मत सम्भार" भन्नाले वातावरणीय प्रभावको कारणले सडकको सतह लगायत विभिन्न संरचनामा क्षति हुन नदिन नियमित रुपमा गरिने मर्मत संभार कार्य सम्झनु पर्छ ।

(ङ) "पटके मर्मत सम्भार" भन्नाले सो सडकमा गुड्ने सवारीको चापको कारणले बिग्रन गएको सडक सतहको वर्षभरिमा बिभिन्न समयमा गर्नुपर्ने स–साना मर्मत सम्भार कार्य सम्झनु पर्छ ।

(च) "आवधिक मर्मत सम्भार" भन्नाले केही वर्षको अन्तरमा गर्नुपर्ने सडक सतहको ठूला मर्मत सम्भार कार्यहरु सम्झनु पर्छ ।

(छ) "आकस्मिक मर्मत सम्भार" भन्नाले आकस्मिक रुपमा सड़कमा कुनै किसिमको क्षति भएमा वा सडक अवरुद्ध भएमा वा सडक आवागमनमा वाधा पुग्न गएमा गरिने मर्मत सम्भार कार्य सम्झनु पर्छ ।

## परिच्छेद २
## सडक मर्मत सम्बन्धी एकीकृत वार्षिक कार्यक्रम सम्बन्धी व्यवस्था

३. **बोर्डको कार्यक्षेत्रभित्र पर्ने सडकहरुः** (१) देहायका सडकहरु बोर्डको कार्यक्षेत्रभित्र पर्नेछन्:-

(क) सबै राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गहरु,

(ख) कालोपत्रे भएका सबै शहरी तथा ग्रामीण सडकहरु,

(ग) बोर्डले तोके बमोजिमको न्युनतम् सवारी चाप र स्तर भएका सबै ग्रामीण सडकहरु,

(घ) बोर्डले तोकेको न्युनतम सवारी चाप र स्तर भएका सबै कच्ची ग्रामीण सडकहरु।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी बोर्डले समय समयमा आफ्नो कार्यक्षेत्रभित्र पर्ने नेपाल अधिराज्यभित्रका सबै सडकको सूची तयार गरी राजमार्ग र सहायक राजमार्गको सूची सडक विभागलाई र शहरी तथा ग्रामीण सडकको हकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग मार्फत सम्बन्धित स्थानीय निकायलाई उपलब्ध गराउने छ।

४. **सडकको वर्गीकरण गर्ने:** (१) बोर्डले ऐन तथा यस नियमावली बमोजिम सडकको मर्मत सम्भार गर्ने प्रयोजनको लागि आफ्नो कार्यक्षेत्रभित्रका सडकलाई देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछ:-

(क) राजमार्ग,

(ख) सहायक राजमार्ग,

(ग) शहरी मार्ग,

(घ) जिल्ला मार्ग,

(ङ) ग्रामीण तथा कृषि सडक,

(च) अन्य सडक

(२) बोर्डले उपनियम (१) बमोजिम वर्गीकरण गरेका सडकको मर्मत सम्भार, पुनर्निर्माण, पुनर्स्थापना वा स्तरबृद्धि गर्दा कायम गर्नु पर्ने गुणस्तर समेत तोकिदिन सक्नेछ।

(३) श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ बमोजिम वर्गीकरण गरेको सडकलाई बोर्डले पनि सोही वर्गीकरण अन्तर्गत समावेश गर्नु पर्नेछ।

५. **सडक सम्बन्धी निकायले एकीकृत वार्षिक कार्यक्रम तयार गर्ने:** सडक सम्बन्धी निकायले बोर्ड मार्फत गरिनुपर्ने सडक मर्मत सम्भार सम्बन्धमा बोर्डले तोकेको ढाँचामा एकीकृत वार्षिक कार्यक्रम तयार गरी बोर्डमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको एकीकृत वार्षिक कार्यक्रममा आफ्नो क्षेत्रभित्र पर्ने सडकलाई देहायका मध्ये कुन रुपमा मर्मत गर्नु पर्ने भन्ने कुरा खुलाइएको हुनुपर्नेछ:-

(क) नियमित मर्मत सम्भार,

(ख) पटके मर्मत,

(ग) आवधिक मर्मत,

(घ) पुनर्स्थापना,

(ङ) पुनर्निर्माण,

(च) स्तरबृद्धि,

(३) उपनियम (१) बमोजिम बोर्डको एकीकृत कार्यक्रम पठाउँदा सडक विभागले नेपाल अधिराज्यभित्रका राजमार्ग र सहायक राजमार्गको एकमुष्ट रुपमा एकीकृत वार्षिक कार्यक्रम तयार गरी बोर्डमा पठाउनु पर्नेछ र स्थानीय निकायले आफ्नो क्षेत्रभित्रका सडकको एकीकृत वार्षिक कार्यक्रम तयार गरी श्री ५ को सरकार, स्थानीय पूर्वाधार तथा कृषि सडक विभागमा पठाउनु पर्नेछ। स्थानीय पूर्वाधार तथा कृषि सडक विभागले त्यसरी स्थानीय निकायबाट एकीकृत बार्षिक कार्यक्रम प्राप्त भएपछि सो को आधारमा स्थानीय निकाय मार्फत कार्यान्वयन हुने एकीकृत बार्षिक कार्यक्रम तयार गरी बोर्डमा पठाउनु पर्नेछ।

(४) गाउँ विकास समितिले आफ्नो क्षेत्र अन्तर्गतको कुनै सडकलाई एकीकृत वार्षिक कार्यक्रममा समावेश गराउन चाहेमा बोर्डले तोकेको ढाँचामा कार्यक्रम तयार गरी जिल्ला विकास समितिमा पठाउनु पर्नेछ र जिल्ला विकास समितिले उपनियम (३) बमोजिम कार्यक्रम पठाउँदा गाउँ विकास समितिबाट प्राप्त कार्यक्रम उपर समेत बिचार गर्नु पर्नेछ।

६. **बोर्डको एकीकृत वार्षिक कार्यक्रमः** (१) नियम ५ बमोजिम सडक विभाग र स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट एकीकृत वार्षिक कार्यक्रम प्राप्त भएपछि बोर्डले प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र सो आर्थिक वर्षमा बोर्डबाट कार्यान्वयन गरिने बोर्डको एकीकृत वार्षिक कार्यक्रम तर्जुमा गर्नेछ।

(२) उपनियम (१) **बमोजिम एकीकृत वार्षिक कार्यक्रम तर्जुमा गर्दा देहायका कुराहरुको सम्बन्धमा छुट्टा छुट्टै कार्यक्रम तयार गर्नु पर्नेछ** :-

(क) सडकको नियमित, पटके तथा आवधिक मर्मत सम्भार,

(ख) सडकको आकस्मिक मर्मत सम्भार,

(ग) पुल मर्मत,

(घ) सडकको पुनर्स्थापना,

(ङ) सडकको पुनर्निर्माण,

(च) सडकको स्तरबृद्धि,

(छ) सडकको सुरक्षा,

(ज) सडक मर्मत सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण।

७. **आवधिक एकीकृत कार्यक्रम तर्जुमा गर्नसक्नेः** (१) बोर्डले देहायका विषयमा तीन वा पाँच वर्षको लागि एकीकृत कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ :-

(क) सडकको पुनर्स्थापना,

(ख) सडकको पुनर्निर्माण,

(ग) सडकको स्तरबृद्धि,

(घ) सडकको सुरक्षा,

(२) उपनियम (१) बमोजिम बोर्डले तर्जुमा गरेको आवधिक एकीकृत कार्यक्रम सडक सम्बन्धी निकायलाई उपलब्ध गराउनु पर्नेछ र सडक सम्बन्धी निकायले नियम ५ बमोजिम बोर्ड समक्ष एकीकृत वार्षिक कार्यक्रम पठाउँदा सो आवधिक एकीकृत कार्यक्रमको आधारमा एकीकृत कार्यक्रम तयार गरी बोर्डमा पठाउनु पर्नेछ।

## परिच्छेद ३
## रकमको बाँडफाँड सम्बन्धी व्यवस्था

८. **रकम बाँडफाँड सम्बन्धी प्राथमिकताः** (१) बोर्डको कोषमा जम्मा भएको रकम मध्ये ऐनको दफा २५ को उपदफा (१) को खण्ड (छ) मा तोकिएको रकममा ननाघ्ने गरी बोर्डको प्रशासनिक खर्चको लागि रकम छुट्याई बाँकी रहेको रकम देहायको प्राथमिकता अनुसार देहायको कार्यको लागि बाँडफाँड गरिनेछः-

(क) राजमार्ग तथा सहायक राजमार्ग र ती सडकमा रहेका पुलको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न,

(ख) खण्ड (क) मा परेका बाहेक अन्य किसिमका सडक तथा ती सडकमा रहेका पुलको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न,

(ग) सडक सम्बन्धी अनुसन्धान गर्न,

(घ) सवारी साधनको भारवहन क्षमता तथा प्रति एक्सल वजन सम्बन्धमा निर्धारित मापदण्ड कार्यान्वयन गर्न,

(ङ) सडकको सुरक्षा गर्न,

(च) सडकको पुनर्निमाण तथा पुनर्स्थापना गर्न

(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको कार्यको लागि रकम छुट्याइ सकेपछि रकम बढी भएमा कूल आयको पन्ध्र प्रतिशतमा नबढ्ने गरी मौजूदा सडकको स्तर बृद्धि गर्न।

(२) उपनियम (१) बमोजिम रकम बाँडफाँड गर्दा सामान्यतया बोर्डको कूल आयको कम्तीमा सत्तरी प्रतिशत रकम उपनियम (१) को खण्ड (क) र (ख) बमोजिमको कार्यको लागि र बाँकी रकम अन्य कार्यको लागि बाँडफाँड गरिनेछ।

(३) उपनियम (१) बमोजिम रकम बाँडफाँड गर्दा ऐनको दफा २५ को उपदफा (१) को खण्ड (ग) बमोजिम श्री ५ को सरकारबाट व्यहोरिने रकममा बोर्डबाट हिस्सेदार हुन रकम व्यवस्था गर्न पहिलो प्राथमिकता दिनु पर्नेछ।

तर कुनै दातृ संस्थाको सहयोगमा कुनै सडकको पुनर्निर्माण वा पुनर्स्थापना गर्दा श्री ५ को सरकारबाट व्यहोरिने रकममा बोर्डबाट हिस्सेदार हुँदा उपनियम (१) को खण्ड (च) बमोजिम कुनै सडकको पुनर्निर्माण वा पुनर्स्थापनाको लागि बोर्डबाट कुनै रकम बाँडफाँड गरिएको भए त्यसरी बाँडफाँड गरिएको रकमले खामेसम्मको रकममा मात्र बोर्डबाट हिस्सेदारी गरिनेछ।

(४) बोर्डले उपनियम (१) बमोजिम आकस्मिक मर्मत सम्भार कार्यको लागि रकम बाँडफाँड गर्दा विगत पाँच वर्षमा सडकको आकस्मिक मर्मत सम्भारका लागि भएको औसत खर्चको आधारमा प्रत्येक वर्षको लागि एकमुष्ट रकमको व्यवस्था गर्नेछ।

९. **स्थानीय निकायले रकममा हिस्सेदारी गर्नुपर्नेः** (१) कुनै स्थानीय निकायको क्षेत्रभित्र पर्ने सडकको मर्मत सम्भारको लागि बोर्डबाट रकम छुट्याउँदा सो कार्यको लागि लाग्ने कूल रकमको कम्तीमा देहायको प्रतिशत बराबरको रकम सम्बन्धित स्थानीय निकायले व्यहोर्नु पर्नेछः-

(क) जिल्ला विकास समितिको हकमा बीस प्रतिशत,

(ख) नगरपालिकाको हकमा तीस प्रतिशत।

(२) बोर्डले सम्बन्धित स्थानीय निकायको सडक मर्मत सम्बन्धी आवश्कता, रकम जुटाउन सक्ने तथा सो कार्य गर्न गराउन सक्ने क्षमताको आधारमा उपनियम (१) मा तोकिएको प्रतिशतमा कम नहुने गरी स्थानीय निकायहरुको वर्गीकरण गरी फरक-फरक स्थानीय निकायको लागि फरक प्रतिशत तोकिदिन सक्नेछ।

(३) स्थानीय निकायले नियम बमोजिम एकीकृत वार्षिक कार्यक्रम बोर्डमा पठाउँदा आफूले उपनियम (१) बमोजिम रकम व्यहोर्ने कुरा स्पष्ट उल्लेख गरी सो रकमको स्रोत समेत उल्लेख गर्नुपर्नेछ र त्यसरी रकम व्यहोर्ने कुरा उल्लेख भई नआएको कार्यक्रमलाई बोर्डले नियम ६ बमोजिमको एकीकृत वार्षिक कार्यक्रममा समावेश गर्ने छैन।

१०. **आकस्मिक मर्मत सम्भारको लागि रकम माग गर्नेः** (१) कुनै सडकको आकस्मिक रुपमा मर्मत सम्भार गर्नु परेमा सडक सम्बन्धी निकायले सो व्यहोरा उल्लेख गरी बोर्डले तोकि दिएको ढाँचामा आवश्यक विवरण भरी बोर्ड समक्ष रकम माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम रकम माग भइ आएपछि बोर्डले सडक सम्बन्धी निकायले पेश गरेको विवरण जाँचबुझ गरी बढीमा सातदिनभित्र आवश्यक रकम निकासा दिनु पर्नेछ ।

११. **सडक उपभोग गरे वापतको दस्तूरको प्रयोगः** ऐनको दफा ६ को उपदफा (१) बमोजिमको दस्तूरबाट प्राप्त रकमको कम्तीमा दुई तिहाई रकम जुन सडकबाट प्राप्त भएको हो सो सडक मर्मत सम्भारको लागि सडक सम्बन्धी निकायबाट नियम ५ बमोजिम पेश भएको कार्यक्रममा खर्च भएसम्म सोही सडकको मर्मत सम्भार सम्बन्धी कार्यक्रमको लागि छुट्याउनु पर्नेछ ।

१२. **बोर्डले शर्त तोकिदिन सक्नेः** बोर्डले कुनै सडक सम्बन्धी निकायलाई कुनै कार्यको लागि रकम उपलब्ध गराउँदा सो सडक सम्बन्धी निकायले सो कार्य गर्दा पालन गर्नु पर्ने शर्तहरु तोकिदिन सक्नेछ र त्यस्तो शर्तको पालन गर्नु सडक सम्बन्धी निकायको कर्तव्य हुनेछ ।

१३. **पुनर्स्थापना तथा पुनर्निर्माणको लागि सडकको छनौटः** पुनर्स्थापना तथा पुनर्निर्माणको लागि सडकको छनौट देहायको प्राथमिकताको आधारमा गरिनेछः-

(क) राजमार्ग तथा सहायक राजमार्गलाई तिनीहरुको भौतिक स्तर तथा सेवा प्रदायताको आधारमा पूर्वनिर्धारित स्तर अनुरुप पुनर्स्थापना गर्न,

(ख) खण्ड (क) बमोजिम लगानी भैसकेपछि राजमार्ग वा सहायक राजमार्गले त्यसको डिजाइन अवधि पूरा गरिसकेपछि वा यसको डिजाइन क्षमता अनुरुप भएपछि,

(ग) योजनाबद्ध रुपमा मर्मत सम्भार गरिएका अन्य सडकमा ।

१४. **स्तरबृद्धिको लागि सडकको छनौटः** कुनै सडकले सो सडकको हालको स्तर भन्दा माथिल्लो स्तरको सडक बमोजिमको सेवा प्रदान गर्न शुरु गरेमा सो सडकलाई स्तर बृद्धिको लागि छनौट गरिनेछ ।

१५. **स्वीकृत कार्यक्रमको जानकारी दिनुपर्नेः** बोर्डले यस नियमावली बमोजिम स्वीकृत भएको एकीकृत वार्षिक कार्यक्रमको जानकारी स्वीकृत भएको पन्ध्र दिनभित्र भौतिक योजना तथा निर्माण मन्त्रालय र राष्ट्रिय योजना आयोगमा दिनु पर्नेछ ।

## परिच्छेद ४
## विविध

१६. **बोर्डले सुपरिवेक्षण गर्न सक्नेः** (१) सडक सम्बन्धी निकायले जुन कामको लागि बोर्डबाट रकम प्राप्त गरेको हो सो कार्यमा बोर्डले तोके अनुरुप खर्च गरे नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी बोर्डले खासगरी देहायका आधारमा सुपरीवेक्षण गर्नेछः-

(क) उद्देश्य अनुरुप कार्यान्वयन भएको छ/छैन,

(ख) सडकको मर्मत सम्भार बोर्डले तोकेको गुणस्तर बमोजिम भएको छ/छैन,

(ग) सो कार्यको सिलसिलामा सेवा, बस्तु वा निर्माण सामग्रीको खरिद तथा प्रयोग गर्दा,

कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम तोकिएको तरिका र गुणस्तर बमोजिम गरिएको छ छैन,

(घ) सो कार्यको लागि निर्धारण गरिएको समय तालिका अनुरुप कार्य प्रगति भएको छ/छैन,

(ङ) कुनै सेवा, बस्तु वा निर्माण सामग्रीको खरिद वा प्राप्ति प्रकृया पारदर्शी छ/छैन ।

(३) उपनियम (२) बमोजिम सुपरीवेक्षण गर्दा कुनै सडक सम्बन्धी निकायले बोर्डले तोकेको तरिका वा प्रचलित कानून बमोजिम नगरेको वा समयमा सो कार्य नगरेको पाइएमा बोर्डले समयसीमा तोकी सो बमोजिम गर्न सडक सम्बन्धी निकायलाई लेखी पठाउनेछ ।

१७. **प्रतिवेदन पठाउनु पर्नेः** (१) सडक सम्बन्धी निकायले देहाय बमोजिमका प्रतिवेदन बोर्डले तोकेको ढाँचामा बोर्डले तोकेको समयभित्र बोर्ड समक्ष पठाउनु पर्नेछ:-

(क) त्रैमासिक प्रगति विवरण,

(ख) वार्षिक प्रतिवेदन,

(ग) कार्यसम्पन्न प्रतिवेदन,

(घ) लेखा परीक्षण प्रतिवेदन ।

(२) सडक सम्बन्धी निकायले आफ्नो क्षेत्रभित्रका सडक सम्बन्धी तथ्याङ्क , सडकको अवस्था सम्बन्धी प्रतिवेदन तथा बोर्डले मागे बमोजिमका अन्य विवरणहरु बोर्डले मागेको समयमा उपलब्ध गराउनु पर्नेछ ।

१८. **रकम रोक्का गर्न सक्नेः** कुनै सडक सम्बन्धी निकायले बोर्डले नियम १३ बमोजिम तोकेको शर्तको पालना नगरेमा वा नियम १४ को उपनियम (३) बमोजिम बोर्डबाट लेखी पठाए बमोजिम नगरेमा वा सो गर्न नसक्नुको बोर्डलाई सन्तोषजनक कारण पेश गर्न नसकेमा वा नियम १६ बमोजिम बोर्डले प्रतिवेदन पेश नगरेमा बोर्डले सो सडक सम्बन्धी निकायको निकासा रोक्का राख्न सक्नेछ ।

१९. **वैठक भत्ताः** (१) समितिका अध्यक्ष, सदस्य तथा सचिवले समितिको वैठकमा भाग लिए वापत प्रति वैठक अध्यक्ष, सदस्य तथा सचिवले रु. १०००/- वैठक भत्ता पाउने छन् ।

(२) समितिको वैठकमा आमन्त्रित सदस्य, ऐनको दफा १३ बमोजिम समितिले गठन गर्ने उपसमिति र ऐन बमोजिम बनेका अन्य नियमावली अन्तर्गत गठन हुने अन्य समितिका अध्यक्ष तथा सदस्यहरुले समितिको सदस्य सरह वैठक भत्ता पाउने छन् ।

# खण्ड (ग)

## सडक बोर्ड निर्देशिका, २०६१

# सडक बोर्ड निर्देशिका, ०६१

सडक बोर्ड ऐन, २०५८ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी सडक बोर्डको कार्यकारी बोर्डले देहायको निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सडक बोर्ड निर्देशिका, २०६१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुन्छ।

२. **परिभाषा** : विषय वा प्रसंगले अंर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले सडक बोर्ड ऐन २०५८ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले सडक बोर्ड नियमावली, २०६० सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठित कार्यकारी समिति सम्झनु पर्छ।

(घ) "पुल" भन्नाले कुनै ६ मिटर वा सो भन्दा लामो क्रस ड्रेन स्ट्रक्चर सम्झनु पर्छ।

(ङ) "कल्भर्ट" भन्नाले ६ मिटर भन्दा कम लम्बाईको क्रस ड्रेन स्ट्रक्चर सम्झनु पर्छ।

(च) "स्तरोन्नति" भन्नाले कुनै सडकलाई देहाय बमोजिम गरिने स्तरोन्नति सम्झनु पर्छः-

(१) सडक सतहको स्तरोन्नति, जस्तै माटे सडकलाई ग्राभेल सडकमा, ग्राभेल सडकलाई कालोपत्रे सडकमा

(२) निम्न प्रकारको सडकलाई उच्च प्रकारको सडकमा, जस्तै ग्रामीण सडकलाई जिल्ला सडकमा, जिल्ला सडकलाई सहायक मार्गमा, सहायक मार्गलाई राजमार्गमा स्तरोन्नति गर्ने।

(३) सडकको ज्यामितीय अवस्थामा स्तरोन्नति गर्ने।

(छ) "सडक सीमा" भन्नाले सार्वजनिक सडक ऐन, २०३१ बमोजिम तोकिएको सडक सीमा सम्झनु पर्छ र त्यसरी सडक सीमा नतोकिएको सडकको हकमा सडकको केन्द्र रेखाबाट दायाँ वायाँ देहाय बमोजिमको सडकको लागि देहाय बमोजिमको सडक सीमा कायम रहेको मानिनेछः-

(क) राजमार्गको हकमा २५/२५ मिटर,

(ख) सहायक मार्गको हकमा १५/१५ मिटर,

(ग) शहरी सडकको हकमा २.७५ देखि २५ मिटर सम्बन्धित नगरपालिकाद्वारा तोकिए बमोजिम,

(घ) जिल्ला सडकको हकमा १०/१० मिटर,

(ङ) ग्रामीण तथा कृषि सडकको हकमा ७.५/७.५ मिटर।

(ज) "सडकमा राखिएका अन्य संरचना (Road Furniture)" भन्नाले सडकमा रहेका बिभिन्न सूचनापाटी, Delineator Post, रेलिङ्ग, सडक चिन्ह, दूरी चिन्ह आदि सम्झनु पर्छ र सो शब्दले बस पार्क, ट्राफिक आइलेण्ड, पुल, कल्भर्ट, पारापेट र यस्तै अन्य संरचना समेतलाई जनाउँछ।

## परिच्छेद २
## बोर्डको कार्यक्षेत्रभित्र पर्ने सडक तथा पुलको विवरण राख्ने सम्बन्धी व्यवस्था

३. **सडकको वर्गीकरणः** (१) बोर्डले सडक सम्बन्धी कार्य गर्ने गराउने प्रयोजनको लागि देहाय बमोजिमको सडकलाई देहाय बमोजिम वर्गीकरण गर्नेछ:-

(क) राजमार्ग: नेपाल अधिराज्यको पूर्व देखि पश्चिम सीमासम्मको सडक, काठमाण्डौ उपत्यका लगायत मुख्य मुख्य उपत्यका जोड्ने उत्तर दक्षिण सडक वा कुनै एउटा राजमार्गदेखि क्षेत्रीय सदरमुकाम जोड्ने सडक।

(ख) सहायक मार्ग: राजमार्ग र जिल्ला सदरमुकाम वा प्रमुख व्यापारिक, पर्यटकीय, औद्योगिक, कुनै ठूलो विद्युत परियोजना रहेको ठाउँलाई जोड्ने सडक, राजमार्गसँग जोडिएको कुनै प्रतिदिन कम्तीमा १०० वटा सवारी गुड्ने सडक, कुनै सहायकमार्ग र प्रमुख व्यापारिक, पर्यटकीय, औद्योगिक वा कुनै ठूलो विद्युत परियोजना रहेको ठाउँलाई जोड्ने सडक वा कुनै शहरी मार्ग र कुनै प्रमुख व्यापारिक, पर्यटकीय, औद्योगिक वा कुनै विद्युत परियोजना रहेको ठाउँलाई जोड्ने सडक।

(ग) जिल्ला सडक: कुनै जिल्लाभित्रको कुनै बस्तीलाई जिल्ला सदरमुकाम वा अन्य कुनै प्रमुख सडक वा कुनै व्यापारिक ठाउँसँग जोड्ने सडक।

(घ) ग्रामीण तथा कृषि सडक: जिल्लाभित्रको कुनै एउटा गाउँलाई अर्को गाउँ, कुनै स्थानीय बजार, कुनै उद्योग, विद्यालय, चिकित्सालय, सामुदायिक वन, मिल, कलकारखाना आदि रहेको ठाउँ वा कुनै जिल्ला सडक वा सो भन्दा माथिल्लो तहको सडकसँग वा कुनै एउटा गाउँ वा बस्तीलाई कुनै सानो बजार केन्द्र वा कृषि उत्पादन केन्द्र वा सो को बजारसँग जोड्ने सडक।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ बमोजिम वर्गीकरण गरेको सडकको हकमा सोही बमोजिम हुनेछ।

४. **बोर्डको कार्यक्षेत्रभित्र पर्ने ग्रामीण तथा कृषि सडकः** बोर्डले नियमावलीको नियम ३ को उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिम सडक सम्बन्धी कामको लागि सडकको छनौट गर्दा खण्डास्मित सडकको हकमा औसत वार्षिक रुपमा प्रतिदिन कम्तीमा ४० वटा सवारी साधन चल्ने र कच्चि सडकको हकमा औसत वार्षिक रुपमा प्रतिदिन कम्तीमा १५ वटा सवारी साधन चल्ने सडकलाई मात्र छनौट गर्नेछ।

५. **बोर्डको कार्यक्षेत्रभित्र पर्ने सडकको सूची तयार गर्नेः** (१) बोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सडकको सूची तयार गरी अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सडकको सूची तयार गर्दा आफ्नो कार्यक्षेत्रभित्रका देहायका सडकहरुको सम्बन्धमा देहायका विवरणहरु अध्यावधिक गरिराख्नु पर्नेछः-

(क) राजमार्ग तथा सहायक मार्गको हकमा,-

(१) सडकको लम्बाई,

(२) सडकको देहायको ज्यामितीय (Geometry) विवरण,-

(क) क्यारिजवेको चौडाई,

(ख) सडक सतहको चौडाई,

(ग) उकालो ओरालोको अवस्था (Rise and fall grade, Terrain Information)

(घ) मोडको अवस्था (Curve Stastus)।

(३) क्रस ड्रेनको ढाँचा, टेवा पर्खाल (Retaining Wall), वायोइन्जिनियरिङ्ग सम्बन्धी काम, ढल तथा सडकमा राखिएको अन्य संरचना (Road Furniture) सम्बन्धमा सडकको बिभिन्न लम्बाई अनुसारको विवरण,

(४) सडक सतहको किसिंम,

(५) सडक निर्माण भएको तथा सडक सतह तयार भएको समय,

(६) सडकको सतहको अवस्था Surface Distress Index (SDI), International Roughness Index (IRI), ढलको अवस्था, Road Closure, सडक सीमा अतिक्रमण आदि कुराहरुको आधारमा सडकको हालको अवस्था,

(७) सवारी आवागमनको अवस्था।

(ख) जिल्ला सडक तथा शहरी सडकको हकमा,-

(१) सडकको लम्बाई,

(२) सडकको देहायको ज्यामितीय (Geometry) विवरण,-

(क) क्यारिजवेको चौडाई,

(ख) सडक सतहको चौडाई,

(ग) उकालो ओरालोको अवस्था (Rise and fall grade,Terrain Information)

(३) क्रस ड्रेनको ढाँचा, टेवा पर्खाल (Retaining wall), वायोइन्जिनियरिङ्ग सम्बन्धी काम, ढल तथा सडकमा राखिएको अन्य संरचना (Road Furniture) सम्बन्धमा सडकको बिभिन्न लम्बाई अनुसारको विवरण,

(४) सडक सतहको किसिम,

(५) सडक निर्माण भएको तथा सडक सतह तयार भएको समय,

(६) सडक सतहको दृष्टिले राम्रो, सामान्य वा खराब अवस्था, ढलको अवस्था, Road Closure आदि कुराहरुको आधारमा सडकको हालको अवस्था,

(७) सवारी आवागमनको अवस्था।

(ग) ग्रामीण सडकको हकमा,-

(१) सडकको लम्बाई,

(२) कस ड्रेनको ढाँचा, टेवा पर्खाल (Retaining Wall), ढल, सडकमा राखिएका अन्य संरचना (Road Furniture) सम्बन्धमा सडकको बिभिन्न लम्बाई अनुसारको विवरण,

(३) सडक सतहको अवस्था,

(४) सडकको राम्रो, सामान्य वा खराव अवस्था र Road Closure को अवस्था,

(५) सवारी आवागमनको अवस्था ।

६. **पुल सम्बन्धी विवरण अद्यावधिक गर्नेः** बोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने देहायका सडकमा पर्ने पुलको सम्बन्धमा देहाय बमोजिमको विवरण अद्यावधिक गरिराख्नु पर्नेछः-

(क) राजमार्ग तथा सहायक मार्गमा पर्ने पुलको सम्बन्धमा,-

(१) अवस्थितिको विवरण,

(२) प्रत्येक पुलको सम्बन्धमा पुलको किसिम, पुलको ज्यामितीय विवरण, संरचनात्मक (Structural) विवरण, हाइड्रोलोजिकल विवरण, भारबहन क्षमता आदिको विवरण,

(३) उक्त पुल निर्माण भएको तथा मर्मत सम्भार गरिएको समय,

(४) पुल निरीक्षण प्रतिवेदन ।

(ख) जिल्ला मार्ग, ग्रामीण सडक, तथा कृषि सडकमा रहेका पुलको सम्बन्धमा,-

(१) अवस्थिति सम्बन्धी विवरण,

(२) प्रत्येक पुलको सम्बन्धमा पुलको किसिम, पुलको ज्यामितीय विवरण, संरचनात्मक विवरण, हाइड्रोलोजिकल विवरण, भारबहन क्षमता आदि सम्बन्धी विवरण,

(३) पुल निर्माण भएको तथा मर्मत सम्भार गरिएको समय ।

७. **सडक सम्बन्धी निकायले तयार गरेको विवरणलाई आधार मान्नु पर्नेः** बोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सडक तथा पुलको सम्बन्धमा दफा ५ र ६ बमोजिमको विवरण तयार नभएसम्म सडक सम्बन्धी निकायले तयार गरेको विवरणलाई आधार मान्नु पर्नेछ ।

८. **सडक सम्बन्धी डाटाबेस तयार गर्नुपर्नेः** बोर्डले राजमार्ग तथा सहायक मार्गको सम्बन्धमा कम्प्युटरमा आधारित सडक सम्बन्धी सूचना व्यवस्थापन प्रणाली स्थापना गर्नुपर्नेछ र त्यसरी प्रणाली स्थापना गर्दा संभवभएसम्म सडक सम्बन्धी निकायले प्रयोग गरिरहेको कम्प्युटर सफ्टवेयरसँग मिल्ने किसिमको सफ्टवेयर प्रयोग गर्नुपर्नेछ । अन्य सडकको हकमा कम्प्युटरमा आधारित सूचना व्यवस्थापन प्रणाली स्थापना हुन नसकेसम्म जिल्लागत रुपमा छुट्टा छुट्टै रजिष्टर राखी सडक तथा पुल सम्बन्धी विवरण अद्यावधिक गरिराख्नुपर्नेछ ।

## परिच्छेद ३
## सडक मर्मत सम्भार सम्बन्धी व्यवस्था

९. **सडकको मर्मत अन्तर्गत बिचार गर्नुपर्ने कुराहरु:** (१) सडक सम्बन्धी निकायले कुनै सडक वा सो मा रहेको पुललाई मर्मत सम्भारको लागि छनौट गरी मर्मत अन्तर्गत देहायका कुराहरु बिचार गर्नुपर्नेछ:-

(क) कुनै सडकको मर्मत सम्भार सो सडकलाई वर्षैभरि खुला र आवागमन गर्न सकिने अवस्थामा राख्ने उद्देश्यले गर्ने,

(ख) सडकको दायाँ वायाँ गरिने मर्मत सम्भार वा सुधारको काम संभावित पहिरो वा भूस्खलनलाई रोक्ने,

(ग) सो सडक प्रयोगकर्ताको सडक प्रयोग गर्दाको खर्चलाई कम गर्ने,

(घ) सडकको सुरक्षा गर्ने सम्बन्धी काम गर्दा धान्न सकिने र व्यावहारिक किसिमको जोखिम व्यवस्थापन सम्बन्धी उपाय अपनाउने ।

(ङ) सडकलाई जुन स्तरको सडकको हो सो स्तरको सेवा प्रदायक क्षमतामा राख्ने ।

स्पष्टीकरण: सेवा प्रदायक क्षमता भन्नाले जुन स्तरको सडक हो सो स्तरको सडकमा हुनुपर्ने भौतिक तथा सवारी आवागमन क्षमता भएको अवस्थालाई सम्झनु पर्छ ।

छ(२) बोर्डले बिभिन्न प्रकारको सडकमा हुनुपर्ने सेवा प्रदायक क्षमता निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बोर्डले बिभिन्न प्रकारको सडकमा हुनुपर्ने सेवा प्रदायक क्षमता निर्धारण गर्दा सो सम्बन्धमा श्री ५ को सरकारको कुनै निकायले कुनै मापदण्ड तोकेको भए सोही मापदण्डलाई आधार मान्नेछ र त्यसरी मापदण्ड नतोकिएको भए तत्सम्बन्धी प्रचलित अन्तरार्ष्ट्रिय मापदण्डलाई आधार मान्नेछ ।

१०. **वार्षिक सडक मर्मत संभार कार्यक्रम पेश गर्नु पर्ने :** (१) ऐन तथा नियमावली बमोजिम सडक सम्बन्धी निकायले सडक मर्मत संभार गर्नको लागि बोर्ड समक्ष कार्यक्रम पठाउने ढाँचा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) एकभन्दा बढी सडकको उपदफा (१) बमोजिम मर्मत संभारको कार्यक्रम पठाउने सडक सम्बन्धी निकायले त्यसरी मर्मत संभार गर्नु पर्ने सडक मध्ये कुन चाहि सडकको मर्मत संभार प्राथमिकतामा पर्ने हो सो कुरा स्पष्ट रुपमा बोर्ड समक्ष कार्यक्रम पठाउंदाका बखत खुलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकभन्दा बढी सडकको मर्मत संभार गर्न कार्यक्रम पेश भएकोमा त्यस्तो कार्यक्रम पेश गर्ने सडक सम्बन्धी निकायले प्राथमिकता तोके बमोजिम बोर्डले कार्यक्रम स्वीकृत गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको व्यवस्था मर्मत संभार गर्नु पर्ने सडकमा अवस्थित पुलको हकमा समेत आवश्यक हेरफेर सहित लागू हुनेछ ।

११. **सडक मर्मत तथा संभारको मापदण्ड निर्धारण :** (१) बोर्डले सडक मर्मत तथा संभारको मापदण्ड निर्धारण गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड निर्धारण गर्दा राजमार्ग, सहायक राजमार्ग,

सहरी मार्ग, जिल्ला मार्ग, ग्रामीण तथा कृषि सडक वा अन्य सडकको लागि एउटै वा छुट्टा छुट्टै मापदण्ड निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको मापदण्डमा नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत, पुनर्स्थापना, पुनर्निर्माण वा स्तर वृद्धिको लागि एकै किसिमका वा फरक फरक मापदण्ड हुन सक्नेछन् ।

(४) सडकको मर्मत संभार गर्ने निकायले उपदफा (१) तथा उपदफा (२) बमोजिम निर्धारित मापदण्ड बमोजिम मर्मत तथा संभार गर्नु पर्नेछ ।

(५) बोर्डले यस दफा बमोजिम निर्धारण गरेको मापदण्ड सडक सम्बन्धी निकाय, निर्माण व्यवसायसंग सम्बन्धित संस्था, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग तथा अन्य सम्बद्ध निकायमा पठाउनु पर्नेछ ।

१२. **सडक मर्मत सम्बन्धी अन्य कार्यविधि :** (१) ऐन, नियमावली तथा यस निर्देशिकामा तोकिएको अतिरिक्त सडक मर्मत सम्भार सम्बन्धी अन्य कार्यविधि बोर्डले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

(२) सडक मर्मत सम्भार सम्बन्धमा ऐन, नियमावली, निर्देशिका तथा बोर्डले उपदफा (१) बमोजिम तोकेको कार्यविधि विपरित गरिएको मर्मत सम्भारलाई बोर्डले स्वीकृत गर्नेछैन ।

१३. **नियमित, पटके वा आवधिक मर्मत सम्भारको लागि सडक छनौटको प्राथमिकताः** बोर्डले सडक सम्बन्धी निकायबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारको लागि पेश भएका सडकहरुलाई देहायको आधारमा प्राथमिकता तोकी क्रमशः सडकको छनौट गर्नु पर्नेछः-

| वार्षिक औसत दैनिक सवारी संख्या | सडकको अवस्था | पहाडि क्षेत्र | | तराई क्षेत्र | |
|---|---|---|---|---|---|
| | | नियमित तथा पटके | आवधिक | नियमित तथा पटके | आवधिक |
| ५०० भन्दा बढी | राम्रो | १ | १३ | २ | १४ |
| | सामान्य | ३ | १५ | ४ | १६ |
| | खराब | ९ | - | १० | - |
| ५० देखि ५०० सम्म | राम्रो | ५ | १७ | ६ | १८ |
| | सामान्य | ७ | १९ | ८ | २० |
| | खराब | ११ | - | १२ | - |
| ५० भन्दा कम | राम्रो | १३ | १९ | १४ | २० |
| | सामान्य | १५ | २१ | १६ | २२ |
| | खराब | १७ | - | १८ | - |

१४. **नियमित, पटके वा आवधिक मर्मत सम्भारको लागि सडकको छनौटः** सडक सम्बन्धी निकायबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनी लेखी आएका एकै प्रकारका सडकहरुमध्ये छनौट गर्दा बोर्डले देहायको आधारमा सबभन्दा वढी आवश्यक र उपयुक्त देखिएको सडकलाई पहिलो प्राथमिकता दिने गरी सडकको छनौट गर्नु पर्नेछः-

(क) सडकको लम्बाई तथा सडक सञ्चालमा सो सडकको महत्व,

(ख) सडकबाट लाभान्वित हुने जनसंख्या,

(ग) सडक मर्मत सम्भारबाट हुने आर्थिक लाभ,

(घ) सडकको सतह तथा पेटी लगायत अन्य कुराहरुको भौतिक अवस्था,

(ङ) सडक सम्बन्धी निकायको सो मर्मत सम्भार गर्न सक्ने संस्थागत व्यवस्था वा उपलब्ध जनशक्ति ।

१५. **नियमित मर्मत सम्भार गर्दा गरिने कार्यहरु:** नियमित मर्मत सम्भार गर्दा देहाय बमोजिमका कार्यहरु गरिनेछः-

(क) सडक किनाराको मर्मत सम्भार,

(ख) सडकमा उम्रेको घाँस सफा गर्ने,

(ग) सडक किनाराको ढलको सफाइ,

(घ) कल्भर्ट सफाइ,

(ङ) ढललाई सामान्य रुपमा फेरबदल गर्ने,

(च) पुलको सफाई,

(छ) सडक बढार्ने,

(ज) सामान्य खालको पहिरो वा भूस्खलन हटाउने,

(झ) सडकमा राखिएका अन्य संरचनाको (road furniture) सफाई ।

१६. **नियमित मर्मत सम्भारको लागि (Norms) बनाउने:** (१) बोर्डले सडकको नियमित मर्मत सम्भारको लागि देहाय बमोजिमका छुट्टा छुट्टै नरम्स बनाई लागू गर्नु पर्नेछः-

(क) पहाडी क्षेत्रको कालोपत्रे सडक सम्बन्धी नर्म्स,

(ख) पहाडी क्षेत्रको कालोपत्र नभएका सडक सम्बन्धी नर्म्स,

(ग) तराई क्षेत्रका कालोपत्रे भएका सडक सम्बन्धी नर्म्स,

(घ) तराई क्षेत्रका कालोपत्र नभएका सडक सम्बन्धी नर्म्स,

(ङ) पहाड तथा तराई क्षेत्रका शहरी सडक सम्बन्धी नर्म्स ।

(२) बोर्ड तथा सडक सम्बन्धी निकायले नियमित मर्मत सम्भारका लागि बनाएको नर्म्सका आधारमा नियमित मर्मत सम्भार सम्बन्धी कामको लागत अनुमान गर्नु पर्नेछ ।

१७. **पटके मर्मत सम्भार सम्बन्धी व्यवस्था:** (१) पटके मर्मत सम्भार गर्दा मुख्यत: देहाय बमोजिमका विशेष तथा सामान्य मर्मत सम्भार सम्बन्धी कार्य गर्नु पर्दछः-

(क) सामान्य कार्यहरु,-

(१) कालोपत्रे तथा ग्राभेल सडकमा पटहोल (Pot hole) प्याचिङ्ग (Patching) , रिसिलिङ्ग, सर्फेसिङ्ग, पेभमेण्ट एज, एप्रोच सडक मर्मत सम्बन्धी कार्य,

(२) ढल, कल्भर्ट, पहिरो सफा गर्ने,

(३) सडक किनार (Shoulder), माटे ढल मर्मत,

(४) Delineator, सडक चिन्ह, दूरी चिन्ह र Drain Cover बदल्ने,

(५) Parapet wall, Delineator, दूरी चिन्ह, रेलिङ्ग, कल्भर्टको

Headwall, रिटेनिङ्ग वाल, चेक ड्याम, Embankment, Turfing, Bio-engineering, सुख्खा ढल मर्मत गर्ने ।

(ख) विशेष कार्यहरु,-

(१) कालोपत्रे सडकमा विस्तृत प्याचवर्क, रिटेनिङ्ग वाल, अन्य स्लोप स्टाव्लाइजेशन सम्बन्धी काम,

(२) वायो इञ्जिनियरिङ्ग,

(३) साना क्रस ड्रेन पुनर्स्थापना

(४) थप Delineators र ट्राफिक चिन्ह राख्ने,

(५) सडक किनारा सुधार, सडक छेउको ढल पुनर्स्थापना,

(६) नदी संरक्षण सम्बन्धी काम ।

(२) पटके मर्मत सम्भार सम्बन्धी काम गर्दा प्रत्येक सडक खण्डको लागि अलग अलग कार्यक्रम बनाउनु पर्नेछ ।

(३) पटके मर्मत सम्भारको लागि सडकको छनौट गर्ने सम्बन्धमा बोर्डले अलग ढाँचा बनाई लागू गर्नेछ ।

१८. **आवधिक मर्मत सम्भार सम्बन्धी व्यवस्थाः** (१) बोर्डले सामान्यतया देहायको सडक देहायको अवधिमा आवधिक मर्मत सम्भारको लागि छनौट गर्नेछः-

(क) तराईको कालोपत्रे सडक प्रत्येक सात वर्षमा,

(ख) पहाडी कालोपत्रे सडक प्रत्येक छ वर्षमा,

(ग) तराईको कालोपत्र नभएको ग्राभेल सडक प्रत्येक चार वर्षमा,

(घ) पहाडी कालोपत्रे नभएको ग्रामेभ सडक प्रत्येक ३ वर्षमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विस्तृत आर्थिक विश्लेषणबाट १२ प्रतिशतको डिस्काउण्ट रेटमा Net Present Value Positive देखिएमा वा Internal Rate of Return १२ प्रतिशत भन्दा बढी देखिएमा त्यस्तो सडकको उपदफा (१) मा लेखिएको अवधि अगावै पनि आवधिक मर्मत सम्भार गराउन सकिनेछ ।

(३) कुनै पनि सडक आवधिक मर्मत सम्भारको लागि छनौट गर्दा सो सडकको सो सम्बन्धी विस्तृत सर्भे तथा लेखाजोखा गरिएको हुनु पर्नेछ ।

१९. **आकस्मिक मर्मत सम्भार सम्बन्धी व्यवस्थाः** (१) कुनै सडक खण्डको अवस्था, गत वर्षहरुमा गरिएको आकस्मिक मर्मत सम्भार र आकस्मिक मर्मत सम्भार गनुपर्ने अवस्थाका आधारमा कुनै सडकको आकस्मिक मर्मत सम्भारका लागि कार्ययोजना बनाई रकमको व्यवस्था गनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाइएको हुनु पर्नेछः-

(क) कामदार राख्न सकिने ठाउँ, हेभी इक्वीपमेण्ट राख्ने ठाउँ र सडक सम्बन्धी निकायको कार्यालय रहेको ठाउँ देखिने स्केच नक्सा,

(ख) गत पाँच वर्षमा सो सडक खण्ड वा ठाउँमा गरिएको आकस्मिक तथा अन्य मर्मत सुधार, सो का लागि भएको खर्च, प्रयोग गरिएका यन्त्र औजार तथा कामदार र अन्य जनशक्ति,

(ग) सो ठाउँमा त्यस्तो आकस्मिक घटना पटक पटक हुन नदिन अपनाउन सकिने उपायहरु ।

२०. **आकस्मिक मर्मत अन्तर्गत गरिने कार्यहरुः** आकस्मिक मर्मत सम्भार अन्तर्गत देहायका कार्यहरु गरिनेछः-

(क) आकस्मिक पहिरो सफा गर्ने ,

(ख) Cross Drain Structure सहित डाइभर्सन निर्माण,

(ग) आकस्मिक Slope Stablisation।

२१. **आकस्मिक मर्मत संभारको लागि रकम माग गर्ने कार्यविधि :** (१) कुनै सडकको आकस्मिक मर्मत संभार गर्नु परेमा सडक सम्बन्धी निकायले त्यस्तो तत्कालै देहायको विवरण खुलाई बोर्डले तोकेको ढाँचामा बोर्ड समक्ष रकम माग गर्नु पर्नेछ :-

(क) आकस्मिक मर्मत संभार गर्नु पर्ने सडकको नाम तथा त्यस्तो सडक रहेको भौगोलिक स्थान,

(ख) आकस्मिक मर्मत संभार गर्नु पर्ने कारण,

(ग) के कस्तो कारणबाट के कति मात्रामा सडकको क्षति भएको वा के कसरी सडक अवरुद्ध भएको हो सो को विवरण,

(घ) आकस्मिक मर्मत संभार गर्न लाग्ने अनुमानित लागत,

(ङ) आकस्मिक मर्मत संभार गराउने प्रस्तावित आकस्मिक तरिका, मर्मत संभार गर्न लाग्ने अनुमानित अवधि ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि बोर्डले यथाशिघ्र सो उपर विचार गरी माग बमोजिमको रकम दिन मनासिव देखेमा एकमुष्ट वा पटक पटक गरी रकम निकासा दिन सक्नेछ ।

२२. **पुनर्स्थावना वा पुननिर्माणको लागि सडकको छनौटः** (१) पुनर्स्थापना वा पुननिर्माणको लागि सडकको छनौट गर्दा देहायका कुराहरु बिचार गर्नुपर्नेछः-

(क) बोर्ड सञ्चालनको शुरुका वर्षमा राजमार्ग तथा सहायक मार्गलाई तिनीहरुको भौतिक अवस्था तथा सेवा प्रदाय सम्बन्धी Requirement का दृष्टिले हुनुपर्ने न्युनतम स्तरमा कायम राख्न,

(ख) राजमार्ग तथा सहायक मार्गलाई खण्ड (क) बमोजिमको अवस्थामा ल्याईसकेपछि सो सडकको Design Life तथा Design Capacity मा पुगिसकेपछि मात्र बोर्डले त्यसमा लगानी गर्ने,

(ग) योजनाबद्ध रुपमा मर्मत सम्भार नगरिएका सडकको पुननिर्माण वा पुनर्स्थापना नगर्ने,

(घ) राजमार्ग वा सहायक मार्गको पछि अन्य सडकले त्यसको Design Life वा Design Capacity पुरा गरिसकेपछि मात्र त्यस्तो सडकको पुननिर्माण वा पुनर्स्थापना गर्ने,

(२) कुनै पनि सडकको पुनर्स्थापना वा पुननिर्माण गर्नुपूर्व सो सम्बन्धमा विस्तृत सर्भे तथा वातावरणीय अध्ययन गरेको हुनु पर्नेछ र त्यस्तो विस्तृत आर्थिक विश्लेषणबाट १२ प्रतिशतको

डिस्काउण्ट रेटमा Net Present Value Positive देखिएमा वा Internal Rate of Return डिस्काउण्ट रेट भन्दा बढी देखिएमा र वातावरणीय दृष्टिले उपयुक्त देखिएमा मात्र त्यस्तो सडकको पुनर्स्थापना वा पुननिर्माण गरिनेछ ।

२३. **सडक पुर्नस्थापना वा पुनर्निर्माणको स्तर :** (१) नियमावली बमोजिम सडकको पुनर्स्थापना तथा पुननिर्माण गर्दा बोर्डले तोके बमोजिम सडकको भौतिक स्थिति तथा ज्यामितीय स्तरमा सारभूत रुपमा सुधार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्स्थापना वा पुननिर्माण गर्दा त्यस्तो सडकको सतह वा ज्यामितीय स्टाण्डर्ड वा दुवै कुराको सुधार गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सडकको पुनर्स्थापना तथा पुननिर्माण गर्दा सडकसंग सम्बन्धित पुल, पुलेसा, कल्भर्ट तथा ड्रेन समेतको पुनर्स्थापना तथा पुनर्निर्माण गर्नु पर्नेछ ।

२४. **स्तरोन्नतिका लागि सडकको छनौटः** (१) बोर्डले स्तरोन्नतिका लागि कुनै सडकको छनौट गर्दा देहायका कुराहरु बिचार गर्नुपर्नेछः-

(क) कुनै पनि सडकको सतहको स्तरोन्नति गर्दा त्यसबाट हुन सक्ने आर्थिक लाभले त्यस्तो स्तरोन्नतिको औचित्य पुष्टि गर्नु पर्ने,

(ख) कुनै निम्न प्रकारको सडकले उच्च प्रकारको सडकका लागि (जस्तै, जिल्ला सडकबाट सहायक मार्ग, सहायक मार्गबाट राजमार्गमा स्तरोन्नति गर्दा) आवश्यक सेवा प्रदाय आवश्यकता पुरा गरेपछि मात्र त्यसलाई माथिल्लो प्रकारको सडकमा स्तरोन्नति गर्ने,

(२) बोर्डले उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि कुनै सडकबाट हुनुपर्ने न्युनतम आर्थिक लाभ तोकिदिन सक्नेछ ।

(३) बोर्डले स्तरोन्नति गर्न उपयुक्त देखिएका सडकको सूची तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्न र सो को आधारमा प्राथमिकता तोकी स्तरोन्नतिको निमित्त सडकको छनौट गर्नेछ ।

२५. **स्तर वृद्धिको लागि सडकको छनौट तरिका :** (१) ऐन तथा नियमावली बमोजिम कुनै सडकको स्तर वृद्धिको लागि छनौट गर्दा सडक सम्बन्धी निकायले सो कुराको कारण खुलाई बोर्ड समक्ष कार्यक्रम पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम पेशगर्दा देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) प्रस्तावित सडकको मौजुदा अवस्था तथा स्तर,

(ख) प्रस्तावित सडक रहेको भौगोलिक स्थान,

(ग) सडकमा तत्काल कायम रहेको सवारी आवागमनको चाप,

(घ) प्रस्तावित सडकको स्तरवृद्धि गर्नु पर्ने कारण,

(ङ) प्रस्तावित सडकको भौतिक तथा ज्यामितीय स्वरुपको मोटामोटी प्रारुप,

(च) प्रस्तावित सडकको स्तर वृद्धिगर्दा लाग्ने अनुमानित लागत,

(छ) प्रस्तावित सडकको स्तर वृद्धि गर्ने कार्य पूरा हुने संभावित अवधि,

(ज) प्रस्तावित सडकको स्तर वृद्धिबाट हुन सक्ने प्रतिफल,

(झ) बोर्डले तोकिदिएका अन्य आवश्यक कुरा ।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएकोमा बोर्डले सो व्यहोरा मनासिव देखेमा स्तर वृद्धि गर्नुपर्ने सडकको गुणस्तर र सो सडकको स्तर वृद्धि गरिसक्नुपर्ने अवधि समेत किटान गरी स्तर वृद्धिगर्न स्वीकृत दिनेछ ।

(४) उपदफा (३) बमोजिम स्तर वृद्धिको लागि बोर्डले स्वीकृत दिएको सडकको स्तर वृद्धि गर्दा लागेको रकम बोर्डले निकासा दिनेछ ।

२६. **सडक सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) सडक सम्बन्धी निकायले सडक मर्मत सम्भार सम्बन्धी कार्य गर्दा सडकको सुरक्षा, सडकमा रहेका बिभिन्न संरचना तथा सडक यात्रुहरुको सुरक्षा गर्ने तथा सडकमा हुने बिभिन्न दुर्घटनालाई रोकथाम गर्ने उद्देश्य राख्नु पर्नेछ ।

(२) सडक सम्बन्धी निकायले सडक सुरक्षा सम्बन्धी कार्य गर्दा सडक सुरक्षा सम्बन्धमा श्री ५ को सरकारबाट स्वीकृत बिभिन्न मापदण्डलाई आधार मान्नु पर्नेछ ।

(३) सडक सम्बन्धी निकायले आफ्नो कार्यक्षेत्रभित्रको सडकमा सो आ.ब. मा कुनै किसिमको दुर्घटना भएको भए सो को अभिलेख राखी सो दुर्घटना हुनुको कारण सहित सो दुर्घटना सडकको मर्मत सम्भार वा सडकमा हुनुपर्ने अन्य संरचनाको कारणले भएको भए सो को समाधानको उपाय समेत उल्लेख गरी बोर्ड समक्ष लेखिपठाउनु पर्नेछ ।

२७. **सडक सीमाको संरक्षण गर्नुपर्नेः** सडक सम्बन्धी निकायले सडक मर्मत सम्भारको लागि बोर्ड समक्ष एकीकृत वार्षिक कार्यक्रम पेश गर्दा सो सडकको सडक सीमा संरक्षण गर्ने कुरालाई पनि समावेश गर्नुपर्नेछ ।

२८. **खर्च न्यूनिकरण सम्बन्धी कार्ययोजनाः** (१) बोर्डले सडक मर्मत अन्तर्गत लाग्ने खर्च न्युनिकरण गर्ने सम्बन्धमा कार्ययोजना बनाउनु पर्नेछ ।

(१) उपदफा (१) बमोजिम कार्ययोजना बनाउँदा अन्य कुराहरुको अतिरिक्त देहायका कुरा बिचार गर्नु पर्नेछ :-

(क) सडक रहेको स्थानको भौगोलिक अवस्था,

(ख) सडक रहेको स्थानको पर्यावरणीय अवस्था,

(ग) सडकको भार वहन क्षमता र सवारी साधनको चाप,

(घ) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना तयार गर्दा सडक सम्बन्धी निकाय, सडक निर्माण व्यवसायसंग सम्बद्ध संस्था, सडक निर्माणसंग सम्बन्धित प्राविधिक तथा आर्थिक विशेषज्ञसंग समेत परामर्श गर्नु पर्नेछ ।

(३) सडक मर्मत सम्भार सम्बन्धी खर्च न्युनीकरण गर्न सडक सम्बन्धी निकायले सडकको मर्मत सम्भार गर्दा देहायका कुराहरुको पालना गर्नु पर्नेछः-

(क) स्थानीय स्रोतको अधिकतम प्रयोग गर्न प्राथमिकता दिने,

(ख) संभव भएसम्म वातावरणको संरक्षण हुने खालका सामग्रीको प्रयोग गर्नो

(ग) स्थानीय तहमा रोजगारका अवसर अभिबृद्धि हुने किसिमले स्थानीय जनशक्तिको प्रयोग गर्ने,

(घ) संभवभएसम्म स्थानीय तहमा उपलब्ध हुने किसिमका र वातावरणमा प्रतिकूल प्रभाव नपार्ने यन्त्र उपकरणको प्रयोग गर्ने ।

२९. **सडक किनाराको संरक्षण सम्बन्धी कार्यहरुः** सडक किनाराको संरक्षण सम्बन्धी कार्यहरु पहाडि सडकको भिरालो भागलाई संभावित पहिरो वा भूस्खलनबाट सडकको सुरक्षा गर्ने दृष्टिले सञ्चालन गरिनेछ ।

३०. **श्री ५ को सरकारबाट स्वीकृत नर्म्सलाई आधार मान्नुपर्नेः** सडक बोर्ड वा सडक सम्बन्धी निकायले कुनै पनि मर्मत सम्भार सम्बन्धी कार्यको लागि सो सम्बन्धमा श्री ५ को सरकारबाट स्वीकृत नर्म्स भन्दा बढी नहुने गरी लागत अनुमान गर्नु पर्नेछ ।

## परिच्छेद ४
## एकीकृत वार्षिक कार्यक्रम सम्बन्धी व्यवस्था

३१. **एकीकृत वार्षिक कार्यक्रम तयारीका चरणहरुः** एकीकृत वार्षिक कार्यक्रम तयारीका चरणहरु सामान्यतया देहाय बमोजिम हुनेछन्:-

(क) सडक सम्बन्धी निकायद्वारा आफ्नो क्षेत्रभित्रको सडकको तथ्यांक, सवारी आवागमनको अवस्था र सडकको अवस्थाको बारेमा बोर्ड समक्ष विवरण पठाउने,

(ख) बिभिन्न प्रकारका मर्मत सम्भारका लागि सडकको छनौट सम्बन्धी आधारहरु, सडक सम्बन्धी निकायको चालू आर्थिक वर्षको कार्यक्रम तथा कार्य प्रगतिका आधारमा सडकको प्रारम्भिक छनौट,

(ग) प्रारम्भिक छनौटमा परेका सडकको लागि आवश्यक पर्ने अनुमानित लागत र लागत व्यहोर्ने स्रोतहरु पहिचान गर्ने,

(घ) प्रारम्भिक छनौटमा परेका सडक तथा ती सडकको लागि आवश्यक पर्ने अनुमानित लागत र स्थानीय निकायले ब्यहोर्नु पर्ने रकम बोर्डले सम्बन्धित सडक सम्बन्धी निकायमा पठाउने,

(ङ) सडक सम्बन्धी निकायद्वारा नियमावलीको नियम ५ बमोजिम आफ्नो एकीकृत वार्षिक कार्यक्रम बोर्डमा पठाउने,

(च) बोर्डद्वारा सडक सम्बन्धी निकायसँग उनीहरुले पेश गरेको एकीकृत वार्षिक कार्यक्रम सम्बन्धमा छलफल तथा परामर्श,

(छ) बोर्डद्वारा एकीकृत वार्षिक कार्यक्रमको तर्जुमा तथा स्वीकृति ।

३२. **एकीकृत वार्षिक कार्यक्रम तयारी गर्ने समयावधिः** एकीकृत वार्षिक कार्यक्रम तयार गर्दा बोर्ड तथा सडक सम्बन्धी निकायले देहायको काम देहायको अवधिभित्र गर्नुपर्नेछ:-

(क) सडक सम्बन्धी निकायद्वारा आफ्नो क्षेत्रभित्रको सडकको तथ्यांक, सवारी आवागमनको अवस्था र सडकको अवस्थाको बारेमा बोर्ड समक्ष विवरण पठाउने
माघ मसान्तभित्र

(ख) सडकको प्रारम्भिक छनौट गर्ने
फागुन मसान्तभित्र

(ग) प्रारम्भिक छनौटमा परेका सडक तथा ती सडकको लागि आवश्यक

पर्ने अनुमानित लागत र स्थानीय निकायले ब्यहोर्नु पर्ने रकम बोर्डले सम्बन्धित सडक सम्बन्धी निकायमा पठाउने
चैत्र मसान्तभित्र

(घ) सडक सम्बन्धी निकायद्वारा नियमावलीको नियम ५ बमोजिम आफ्नो एकीकृत वार्षिक कार्यक्रम बोर्डमा पठाउने
बैशाख मसान्तभित्र

(ङ) बोर्डद्वारा सडक सम्बन्धी निकायसँग उनीहरुले पेश गरेको एकीकृत वार्षिक कार्यक्रम सम्बन्धमा छलफल तथा परामर्श
असार मसान्तभित्र

(च) बोर्डद्वारा एकीकृत वार्षिक कार्यक्रमको तर्जुमा तथा स्वीकृति
अर्को चालू आ.ब. को श्रावण मसान्तभित्र

३३. **सडक सम्बन्धी निकायले तयार गर्ने एकीकृत वार्षिक कार्यक्रममा समावेश हुनुपर्ने विवरणहरु:** सडक सम्बन्धी निकायले नियमावलीको नियम ५ बमोजिम तयार गर्ने एकीकृत वार्षिक कार्यक्रममा देहायका विवरणहरु समावेश गर्नुपर्नेछ:-

(क) गतवर्ष गरिएको मर्मत सम्भार सम्बन्धी कामको समीक्षा (यसमा गत वर्षको उपलब्धि, देखिएका मुख्य मुख्य समस्या तथा बिचार गर्नुपर्ने कुराहरु समावेश गर्ने)

(ख) सडक तथा पुलको अवस्था,

(ग) सडक सम्बन्धी निकायबाट गरिएको सुपरीवेक्षण सम्बन्धी विवरण,

(घ) सडक सम्बन्धी निकायको बजेट व्यवस्था तथा प्रशासन,

(ङ) मर्मत सम्बन्धी देहायको काम अनुसार छनौट भएका सडक, छनौट गर्नुको आधार, चालू वा गत वर्ष गरिएको मर्मत सम्भार सम्बन्धी काम र अनुमानित लागत:-

(१) नियमित मर्मत सम्भार,
(२) पटके मर्मत सम्भार,
(३) आवधिक मर्मत सम्भार,
(४) पुनर्स्थापना,
(५) पुनर्निर्माण,
(६) स्तरोन्नति,
(७) पुल मर्मत,
(८) अन्य निर्माण ।

(च) चालू तथा विगत वर्षहरुमा आकस्मिक मर्मत सम्भारमा भएको खर्च तथा यस वर्षको लागि अनुमानित लागत

(छ) मर्मत सम्भार कार्यमा देखिन सक्ने समस्या तथा समाधानका उपाय ।

३४. **आवर्तिक योजना (Rolling Plan) बनाई कार्यान्यिन गर्न सक्ने:** बोर्डले संभाव्यताको आधारमा कुनै खास सडकको पुनर्स्थापना, पुनर्निर्माण वा स्तरोन्नतिको लागि अवस्थानुसार तीन वा पाँच वर्षको आवर्तिक योजना (Rolling Plan) बनाई कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद ५
## उपभोक्ता समितिबाट काम गराउने सम्बन्धी व्यवस्था

३५. **उपभोक्ता समितिबाट काम गराउने सकिने व्यवस्थाः** (१) ऐन तथा नियमावली बमोजिम सडक सम्बन्धी निकायको क्षेत्रभित्र पर्ने सडकलाई नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत, पुनर्स्थापना, पुनर्निमाण तथा स्तर वृद्धि गर्दा देहायको अवस्थामा पच्चीस लाख रुपैंयासम्मको काम बोर्डले स्थानीय उपभोक्ताहरुद्धारा गठित उपभोक्ता समितिद्धारा गराउने गरी स्वीकृति दिन सक्नेछः-

(क) स्थानीय निकायबाट हिस्सेदारी हुने रकम मध्ये केही वा पूरै रकम जनश्रमदानको रुपमा व्यहोर्ने भएमा,

(ख) उपभोक्ताबाट गराउँदा अधिकतम् रुपमा स्थानीय स्रोत, साधन र जनशक्तिको प्रयोग हुने भएमा,

(ग) उक्त काम छिटो, छरितो र प्रभावकारी हुने देखिएमा,

(घ) कामको लागत कम हुने भएमा,

(ङ) अन्य कुनै कारणले उक्त काम उपभोक्ताबाट गराउन उपयुक्त देखिएमा ।

(२) सडक सम्बन्धी निकायले आफूले गराउनु पर्ने कुनै काम उपभोक्ताबाट गराउन चाहेमा माथिका कुराहरु पुष्टि हुने गरी बोर्डबाट उक्त कार्यक्रम स्वीकृत भएको एक महिनाभित्र बोर्ड समक्ष लिखित रुपमा अनुरोध गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सडक सम्बन्धी निकायले गरेको अनुरोध मनासिब देखिएमा बोर्डले उक्त काम उपभोक्ताबाट गराउने गरी स्वीकृति दिन सक्नेछ र त्यसरी स्वीकृति दिँदा उक्त काम गर्ने गराउने सम्बन्धमा आवश्यक शर्त तोकिदिन सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सडक सम्बन्धी निकायको कर्तव्य हुनेछ ।

(४) सडक सम्बन्धी निकायले उपभोक्ता समितिलाई उपदफा (१) बमोजिमको काम गर्ने सिलसिलामा आवश्यक पर्ने विस्तृत लागत अनुमान तयार गर्ने, प्राविधिक सुपरीवेक्षण गर्ने, जाँच पास गराउने सम्बन्धमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) लागत अनुमानको बमोजिमको रकममा मूल्य अभिवृद्धि कर, ओभर हेड र कन्टिन्जेन्सी रकम तथा जनसहभागिता हुने भए सोको अंश समेत कट्टा गरी उपदफा (१) बमोजिमको रकमको सीमा भित्र रही उपभोक्ता समितिलाई निकासा दिनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम उपभोक्ता समितिबाट सडक सम्बन्धी निकायको क्षेत्रभित्र पर्ने सडक मर्मत संभार सम्बन्धी काम गराउँदा सो काममा स्थानीय व्यक्तिहरुलाई काममा लगाउने भए सो काममा लगाउने कामदार सम्बन्धी देहाय बमोजिमको विवरण अभिलेख राख्नु पर्नेछ :-

(क) पूरा ज्यालामा काम गर्ने कामदार,

(ख) कम ज्यालामा काम गर्ने कामदार, वा

(ग) ज्याला नलिई काम गर्ने कामदार ।

३६. **उपभोक्ता समितिद्वारा काम गराउने कार्यविधि :** (१) दफा ११ बमोजिम उपभोक्ता समितिले सडक सम्बन्धी निकायले गर्ने सडकको मर्मत तथा संभार सम्बन्धी काम सम्पन्न गरेपछि देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) उपभोक्ता समितिले सडक मर्मत तथा संभार सम्बन्धी काम सम्पन्न गरिसकेपछि सडक सम्बन्धी निकायले तोकिदिएको प्राविधिक कर्मचारीबाट नाप जाँच गराई बोर्डबाट प्रप्त रकम र जन सहभागिताबाट व्यहोरेको श्रम वा नगद वा जिन्सी समावेश भएको कुल खर्चको विवरण समेत संलग्न गरी सडक सम्बन्धी निकायमा पेश गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित निकायले सोको अभिलेख राख्नु पर्नेछ ।

(ग) उपभोक्ता समितिले आफूले पाएको काम ठेकेदारबाट गराउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अपनाई उपभोक्ता समितिले काम गरेको कुरा सडक सम्बन्धी निकायले जाँचबुझ गरी सो कुरा आफ्नो वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ ।

(३) उपभोक्ता समितको गठन सडक सम्बन्धी निकायले हाल स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गतको कार्यक्रमहरुमा प्रचलित प्रकृया वा सो विभागवाट निर्दीष्ट प्रकृया अपनाई गर्नुपर्ने छ ।

३७. **उपभोक्ता समितिको काम अरुलाई दिने:** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११ बमोजिम उपभोक्ता समितिलाई दिएको काम कुनै कारणले उपभोक्ता समितिबाट हुन नसक्ने देखिएमा सो को मनासिव कारण सहित बार्डको पूर्वस्वीकृति लिई सडक सम्बन्धी निकायले त्यसरी उपभोक्ता समितिले गर्न नसकेको काम प्रचलित कानून बमोजिम अरुबाट गराउन सक्नेछ।

(२) उपभोक्ता समितिलाई दिएको काम उपदफा (१) बमोजिमसम्पन्न गर्न नसक्नाको मनासिव कारण खुलाई सडक सम्बन्धी निकायमा पेश गरेपछि मात्र अन्य व्यक्तिबाट सो कार्य गराउनु सकिने छ ।

३८. **उपभोक्ता समितिले रकम दुरुपयोग गरे कारवाही हुने:** (१) दफा ११ बमोजिम उपभोक्ता समितिले सडक मर्मत तथा संभार सम्बन्धी काम गर्दा सडक सम्बन्धी निकाय वा बोर्डले दिएको रकम दुरुपयोग गरेको प्रमाणित हुन आएमा सोको छानविन गरी दुरुपयोग भए जति रकम उपभोक्ता समितिका पदाधिकारीबाट दामासाहीले सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम असुल उपर गर्ने काममा सडक सम्बन्धी निकायले स्थानीय प्रशासनको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग माग भई आएमा त्यस्तो सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको सम्बन्धित पदाधिकारी वा सुरक्षाकर्मीको कर्तव्य हुनेछ ।

३९. **सम्झौता गर्नु पर्ने:** (१) उपभोक्ता समितिलाई दफा ११ बमोजिम काम गर्नको लागि रकम उपलब्ध गराउनु पूर्व सडक सम्बन्धी निकाय र उपभोक्ता समितिबीच लिखित सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त देहायका कुराहरु खुलाइएको हुनु पर्नेछ :-

(क) काम सम्पन्न गर्नु पर्ने अवधि,

(ख) भुक्तानीको तरिका,

(ग) काम सम्पन्नगर्दा अपनाउनु पर्ने विधि,

(घ) सम्पन्न गर्नु पर्ने काममा लाग्ने लागत अनुमान,

(ङ) सडक सम्बन्धी निकायबाट प्राप्त हुने रकम तथा जन श्रमदान वा जन सहभागिताबाट लगानी हुने रकमको अंश,

(च) आवश्यक पर्ने अन्य कुराहरु ।

४०. **सम्झौता उल्लंघन गरेमा हुने :** (१) सडक सम्बन्धी निकाय र उपभोक्ता समिति बीच भएको सम्झौता उल्लंघन भएमा वा सम्झौता उल्लिखित शर्त विपरित उपभोक्ता समितिले कुनै काम गरेमा सडक सम्बन्धी निकायले उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्दगर्नु अघि सम्झौता उल्लंघन गर्नाको वा सम्झौतामा उल्लिखित शर्त विपरित काम गरेको सम्बन्धमा उपभोक्ता समितिलाई आफू उपरको आरोपका सम्बन्धमा सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

४१. **सम्झौता बमोजिम हुने :** उपभोक्ताद्वारा काम गराउने सम्बन्धमा यस दफामा उल्लिखित कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराहरुका हकमा सम्झौतामा उल्लिखित शर्त बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

४२. **समझदारीपत्र गर्ने:** (१) बोर्डद्वारा एकीकृत वार्षिक कार्यक्रम स्वीकृत भएपछि बोर्ड र सो आर्थिक वर्षमा कुनै मर्मत सम्भार सम्बन्धी काम गर्नका लागि छनौट भएका सडक सम्बन्धी निकायका बीच देहायका विवरण खुलाई समझदारी पत्र गर्नु पर्नेछः-

(क) मर्मत सम्भार सम्बन्धी कामको छोटकरी विवरण,

(ख) मर्मत सम्भार कामको लागत, लागत व्यहोर्ने स्रोत तथा निकासा सम्बन्धी व्यवस्था,

(ग) मर्मत सम्भार सम्बन्धी कामका लागि लाग्ने समय,

(घ) मर्मत सम्भारका लागि अपनाइने प्रकृया सम्बन्धमा मुख्य मुख्य कुराहरु,

(ङ) बोर्डले आवश्यक देखेका अन्य कुराहरु ।

(२) सडक सम्बन्धी निकायले कुनै पनि मर्मत सम्भार सम्बन्धी काम गर्दा उपदफा (१) बमोजिम भएको समझदारीपत्रको पालना गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम समझदारीपत्र नभई बोर्डले कुनै पनि सडक सम्बन्धी निकायलाई रकम निकासा दिनु हुँदैन ।

(४) बोर्डलेसंभवभएसम्म स्थानीय पूर्वाधार तथा कृषि सडक विभागका प्रतिनिधिको रोहबरमा स्थानीय निकायसँग समझदारीपत्र गर्नु पर्नेछ ।

(५) बोर्डले स्थानीय निकायसँग गरेको समझदारीपत्रको जानकारी स्थानीय पूर्वाधार तथा कृषि सडक विभागलाई समेत दिनु पर्नेछ र सो विभागले स्थानीय निकायको एकीकृत वार्षिक कार्यक्रम बोर्डमा पठाउँदा कुनै स्थानीय निकायले सो समझदारीपत्रको पालना नगरेको भए सो व्यहोरा कैफियत जनाई बोर्डमा पठाउनेछ ।

४३. **सडक सम्बन्धी निकायले आफूले गराएको कामको जाच वा निरीक्षण गर्नुपर्ने:** (१) कुनै पनि सडक मर्मत सम्भार वा अन्य काम तोकिएको गुणस्तर बमोजिम र स्पेसिफिकेशन बमोजिम गराउने दायित्व सडक सम्बन्धी निकायको हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सडक सम्बन्धी निकायले आफूले गराएको सडक मर्मत सम्भार, पुनर्निमाण, पुनर्स्थापना वा स्तरोन्नति सम्बन्धी निर्माण कामको आफ्नै निकायको सम्बन्धित कर्मचारी खटाई वा अन्य प्राविधिक विशेषज्ञलाई नियुक्त गरी जाँच वा निरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) सडक सम्बन्धी निकायले आफुले यस दफा बमोजिम गरेको कामको जाँच वा निरीक्षण सम्बन्धी प्रतिवेदन सो काम सम्पन्न भएको प्रतिवेदन बोर्ड समक्ष पेश गर्दाका बखत बोर्डको तोकेको ढाँचामा पेश गर्नु पर्नेछ ।

४४. **सडक सम्बन्धी अनुसन्धान कार्यः** बोर्डले सडक सम्बन्धी अनुसन्धान कार्य मूलतः देहायका विषयमा गर्नुपर्नेछः-

(क) सडक सञ्जाल योजना तथा विकास सम्बन्धमा,

(ख) सडक यातायात खर्च कम गर्ने उपाय सम्बन्धमा,

(ग) सडक मर्मत सम्भार सम्बन्धी कार्यलाई प्रभावकारी तथा मितव्ययी बनाउने सम्बन्धमा,

(घ) सडक यातायातलाई सहज र नियमित गराउने सम्बन्धमा,

(ङ) सडक निर्माण तथा मर्मत सम्भारबाट हुने सामाजिक आर्थिक विकासको सम्बन्धमा।

४५. **स्थानीय निकायसंग गरिने रकम हिस्सेदारीका आधार :** कुनै स्थानीय निकायको भौगोलिक क्षेत्रभित्र पर्ने कुनै सडकको मर्मत संभारको लागि बोर्डबाट ऐन तथा नियमावली बमोजिम रकम छुट्टाउंदा देहायका कुराको आधार लिनु पर्नेछ :-

(क) सम्बन्धित स्थानीय निकाय कुन वर्गमा विभाजन गरिएको छ सो कुरा,

(ख) मर्मत, संभार गर्ने सडकको लम्बाई,

(ग) सडकको भारवहन क्षमता,

(घ) मर्मत संभार गर्नु पर्ने सडकको अवस्था,

(ङ) बोर्डले उचित ठहराएको अन्य आवश्यक कुरा ।

४६. **नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारमा गरिने खर्चः** बोर्डले नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारका लागि छुट्याइएको कूल रकम मध्ये सत्तरी प्रतिशत रकम राजमार्ग तथा सहायक मार्ग र बाँकी रकम अन्य सडकको मर्मत सम्भारका लागि छुट्याउनु पर्नेछ ।

४७. **सडक सम्बन्धी निकायले रकम निकासा दिने सम्बन्धी व्यवस्थाः** (१) बोर्डले सडक सम्बन्धी निकायलाई कुनै मर्मत सम्भार सम्बन्धी काम गराए वापतको रकम देहाय बमोजिम निकासा दिनेछः-

(क) कुनै निर्माण सम्बन्धी काम गराउने सम्बन्धमा समझदारीपत्र गरेपछि पेश्कीको रुपमा कूल लागतको २५ प्रतिशत,

(ख) स्वीकृत कामको कम्तीमा २५ प्रतिशत काम सम्पन्न भएपछि र स्थानीय निकायको हकमा सो निकायले व्यहोर्नु पर्ने रकमको कम्तीमा पचास प्रतिशत रकम बराबरको काम सम्पन्न गरेपछि वा सो बराबरको रकम खर्च वा जम्मा गरेपछि ३० प्रतिशत,

(ग) स्वीकृत कामको कम्तीमा ७५ प्रतिशत काम सम्पन्न भएपछि र स्थानीय निकायको

हकमा सो निकायले व्यहोर्नु पर्ने रकम पूरै खर्च वा जम्मा गरेपछि ३० प्रतिशत,

(घ) काम सम्पन्न भएको प्रतिवेदन पेश भएपछि बाँकी रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ताद्वारा गराउने कामको सम्बन्धमा बोर्ड र सडक सम्बन्धी निकायबीच सम्झौता बमोजिम रकम निकासा दिइनेछ ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि सडकको पटके मर्मत सम्भार कार्य गर्दा बोर्डले स्वीकृत नर्म्स अनुसारको रकम स्वीकृत गरे तापनि सो कामको लागि रकम भुक्तानी गर्दा वास्तविक रुपमा सम्पन्न भएको कामको परीमाण अनुसार मात्र भुक्तानी गर्नेछ ।

(४) स्थानीय निकायले आफूले सम्पन्न गरेको कामको लागि बोर्ड समक्ष रकम निकासा माग गर्दा सो कामको प्रगति सहित रकम माग गरेको जानकारी स्थानीय पूर्वाधार तथा कृषि सडक विभागलाई समेत दिनु पर्नेछ ।

४८. **प्राविधिक परीक्षण गराउन सक्ने:** बोर्डले प्रत्येक वर्ष सडक सम्बन्धी निकायले गरेको सडक सम्बन्धी काम मध्ये केही कामको प्राविधिक परीक्षण गर्न गराउन सक्नेछ ।

४९. **सडक उपभोग गरे बापतको वस्तूर संकलनका लागि सडकको छनौट:** बोर्डले औसत वार्षिक रुपमा कम्तीमा प्रतिदिन ९०० सवारी साधन चल्ने सडक मध्येबाट उपयुक्त देखिएको सडक छनौट गरी सडक उपभोग गरे बापतको दस्तूर लगाउने प्रयोजनको लागि श्री ५ को सरकार समक्ष सिफारिश गर्नेछ ।

५०. **सडक सम्वन्धि निकायको सडक मर्मत सम्वन्धि कार्यको अनुगमन तथा मूल्यांकन गर्नुपर्ने :**

(१) सडक सम्वन्धि निकायले दोश्रो या अन्य मर्मत किस्ता रकम माग गर्दा प्रगती विवरणमा कम्तीमा एकजना अधिकृत स्तरको प्राविधिक तथा सो निकाय प्रमुखद्वारा प्रमाणित गरी त्यस अवधी सम्म सम्पन्न कार्यको डिजाइन तत्व (Design Parameter), नक्सा आदि संलग्न गरी बोर्डवाट आवश्यक अनुगमन तथा मूल्यांकनको लागि सडक बोर्डलाई अनुरोध गर्नुपर्ने छ ।

(२) सडक बोर्डले उपदफा (ख) वमोजिम लिखित रुपमा जानकारी प्राप्त भएको मितिले सम्भव भए सम्म १५ दिन भित्र आफै वा अन्य परामर्शदातावाट आवश्यकता अनुसार अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) अनुसार अनुगमन तथा मूल्यांकन गरीदा सडक सम्वन्धि निकायले आवश्यक पर्ने अन्य जानकारी अनुगमन तथा मूल्यांकन गर्ने टोलीलाई उपलव्ध गराई सहयोग गर्नुपर्ने छ ।

(४) अनुगमन तथा मूल्यांकन गर्ने विज्ञ या फर्मले यदि सडक मर्मत सम्भार सम्वन्धि डिजाइन तथा सडक बोर्ड ऐन-नियम विपरीत कुनै कार्य भएको पाइएमा सो सच्याउन निर्देशन दिदा सो सडक सम्वन्धि निकायको सोही अनुरुप सच्याउनु पर्ने कर्तव्य हुनेछ ।

# खण्ड (घ)

## सडक दस्तूर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६०

# सडक दस्तूर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६०

सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको स्वीकृति लिई बोर्डले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सडक दस्तूर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सडक बोर्ड ऐन, २०५८ सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले बोर्डको कार्यकारी समिति सम्झनु पर्छ।

(ग) "सवारी" भन्नाले यान्त्रिक शक्तिद्वारा सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(घ) "सवारी धनी" भन्नाले सवारी धनीको प्रमाणपत्रमा सवारी धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी, संस्था वा निकाय सम्झनु पर्छ।

(ङ) "चालक" भन्नाले प्रचलित कानून बमोजिम चालकको अनुमतिपत्र पाएको व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद २
## दस्तूर उठाउने सम्बन्धी कार्यविधि

३. **दस्तूर निर्धारण सम्बन्धमा सिफारिश गर्नुपर्नेः** बोर्डले ऐनको दफा ६ बमोजिम उठाइने दस्तूर निर्धारण सम्बन्धमा आफ्नो राय सहितको सिफारिश श्री ५ को सरकार पठाउनु पर्नेछ।

४. **सवारी चालकले दस्तूर बुझाउनु पर्नेः** (१) सवारी चालकले ऐनको दफा ६ को उपदफा (२) को खण्ड (क) बमोजिम सडक उपभोग गरे वापतको दस्तूर बोर्डले तोकेको व्यक्तिलाई बोर्डले तोकेको स्थानमा बोर्डले तोकेको तरिका बमोजिम बुझाउनु पर्नेछ।

५. **आयातकर्ताले दस्तूर बुझाउनु पर्नेः** (१) इन्धन आयातकर्ताले ऐनको दफा ६ को उपदफा (२) को खण्ड (ख) बमोजिम सवारी साधनमा लगाइएको दस्तूर इन्धन आयात गरिने भन्सार बिन्दूमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दस्तूर नबुझाएसम्म सम्बन्धित भन्सार कार्यालयले सो इन्धन नेपालभित्र आयात गर्न दिनु हुँदैन।

(३) उपनियम (१) बमोजिमको दस्तूर इन्धन आयातकर्ताले भन्सार बिन्दूमा नगदै

वा बोर्डले तोकेको बैंकको खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम नगदै दाखिल गरेकोमा भन्सार कार्यालयले सो दस्तूर मासिक रुपमा बोर्डको कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम बैंकमा दाखिला गर्ने भएमा आयातकर्ताले भौचर भरी दाखिला गर्नु पर्नेछ र त्यसरी भौचर भरेकोमा बैंकले एकप्रति दस्तूर दाखिला गर्ने व्यक्तिलाई दिई अर्को एक प्रति सम्बन्धित भन्सार कार्यालयमा पठाई तेस्रोप्रति बोर्डको कार्यालयमा मासिक रुपमा पठाउनु पर्नेछ ।

६. **सवारी धनीले दस्तूर बुझाउनु पर्ने:** (१) सवारी धनीले ऐनको दफा ६ को उपदफा (२) को खण्ड (ग) बमोजिम सवारी दर्ता प्रमाणपत्रमा लगाइएको दस्तूर सवारी दर्ता गर्दाको अवस्थामा सवारी दर्ता गर्ने कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दस्तूर नबुझाई सवारी दर्ता प्रमाणपत्र दिने कार्यालय वा अधिकारीले सो सवारी साधनलाई सवारी दर्ता प्रमाणपत्र दिनु हुँदैन ।

(३) उपनियम (१) बमोजिमको दस्तूर सवारी धनीले सवारी दर्ता गर्ने कार्यालयमा नगदै वा बोर्डले तोकेको बैंकको खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम नगदै दाखिल गरेकोमा सवारी दर्ता गर्ने कार्यालयले सो दस्तूर मासिक रुपमा बोर्डको कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम बैंकमा दाखिला गर्ने भएमा सवारी धनीले भौचर भरी दाखिला गर्नु पर्नेछ र त्यसरी भौचर भरेकोमा बैंकले एकप्रति दस्तूर दाखिला गर्ने व्यक्तिलाई दिई अर्को एक प्रति सम्बन्धित सवारी दर्ता गर्ने कार्यालयमा पठाई तेस्रो प्रति बोर्डको कार्यालयमा मासिक रुपमा पठाउनु पर्नेछ ।

७. **सवारी धनी वा चालकले दस्तूर बुझाउनु पर्ने:** (१) सवारी धनी वा चालकले ऐनको दफा ६ को उपदफा (२) को खण्ड (घ) बमोजिम विदेशमा दर्ता भएका नेपाल अधिराज्यभित्र प्रवेश गर्ने सवारी साधनमा लगाइएको दस्तूर त्यस्तो सवारी साधन नेपाल अधिराज्यभित्र प्रवेश गर्ने बिन्दूको यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था कार्यालय नभएको ठाउँमा सम्बन्धित भन्सार कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दस्तूर नबुझाएसम्म त्यस्तो सवारी साधनलाई नेपाल अधिराज्यभित्र चलाउन इजाजतपत्र दिने कार्यालयले सवारी चलाउने इजाजतपत्र दिनु हुँदैन ।

(३) उपनियम (१) बमोजिमको दस्तूर सवारी धनी वा चालकले नगदै वा बोर्डले तोकेको बैंकको खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम नगदै दाखिल गरेकोमा सो यातायात व्यवस्था कार्यालय वा भन्सार कार्यालयले सो दस्तूर मासिक रुपमा बोर्डको कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम बैंकमा दाखिला गर्ने भएमा सवारी धनी वा चालकले भौचर भरी दाखिला गर्नु पर्नेछ र त्यसरी भौचर भरेकोमा बैंकले एकप्रति दस्तूर दाखिला गर्ने व्यक्तिलाई दिई अर्को एक प्रति सम्बन्धित यातायात व्यवस्था कार्यालय वा भन्सार कार्यालयमा पठाई तेस्रो प्रति बोर्डको कार्यालयमा मासिक रुपमा पठाउनु पर्नेछ ।

## परिच्छेद ३
## व्यक्ति वा संस्था मार्फत दस्तूर उठाउने सम्बन्धी व्यवस्था

८. **बोलपत्रको माध्यमद्वारा दस्तूर उठाउनु पर्ने:** (१) बोर्डले सडक उपभोग गरे वापत ऐनको दफा ७ को उपदफा (३) को खण्ड (क) बमोजिम कुनै व्यक्ति वा संस्था मार्फत दस्तूर उठाउन चाहेमा त्यस्तो व्यक्ति वा संस्थाको छनौट बोलपत्रको माध्यमद्वारा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलपत्रको माध्यमद्वारा दस्तूर उठाउँदा बोर्डले बोलपत्र सम्बन्धी कागजात स्वीकृत गराइ राख्नु पर्नेछ ।

(३) बोर्डले बोलपत्र आव्हान गर्नु अगावै बोलपत्र मुल्यांकन सम्बन्धी आधार स्वीकृत गराउनु पर्नेछ ।

९. **सूचना प्रकाशन गर्नुपर्ने:** (१) समितिले बोलपत्र माग गर्दा कम्तीमा पन्ध्र दिनको म्याद दिई देहायका कुराहरु खुलाई राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(क) बोलपत्र पठाउने तरिका,
(ख) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,
(ग) बोलपत्र वापत लाग्ने दस्तूर,
(घ) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय,
(ङ) बोलपत्र खोल्ने मिति, समय र स्थान,
(च) जमानतको किसिम, रकम र बैंक ग्यारण्टीको हकमा मान्य हुने अवधि,
(छ) बोलपत्रमा भाग लिन पाउने ठेकेदारको वर्ग,
(ज) बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु ।

(२) समितिले उपनियम (१) बमोजिमको सूचना प्रकाशन गर्दा बोलपत्र पेश गरिने कार्यालय एक भन्दा बढी तोकेको अवस्थामा सबै कार्यालयको नाम खुलाउनु पर्नेछ ।

१०. **बोलपत्र सम्बन्धी कागजात खरिद गर्नुपर्ने:** बोलपत्र दाखिल गर्नेले नियम ८ बमोजिम स्वीकृत भएको र बोर्डको छाप लागेको बोलपत्र नियम १५ बमोजिम भएको प्रक्षेपित आम्दानीको आधारमा देहाय बमोजिमको रकम तिरी खरिद गर्नु पर्नेछः-

(क) एक करोड रुपैयाँसम्म आम्दानी प्रक्षेपित भएको बोलपत्रको लागि — रु. २,०००।-,
(ख) एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म आम्दानी प्रक्षेपित भएको बोलपत्रको लागि — रु. ३०००।-
(ग) तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म आम्दानी प्रक्षेपित भएको बोलपत्रको लागि — रु. ५,०००।-
(घ) पाँच करोड रुपैयाँभन्दा बढी आम्दानी प्रक्षेपित भएको बोलपत्रको लागि — रु. ७,०००।-

११. **शिलबन्दी गरी बोलपत्र दाखिल गर्नुपर्ने:** बोलपत्र दाखिल गर्नेले प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा शिलबन्दी गरी त्यस्तो खामलाई अर्को खाममा राखी पुनः शिलबन्दी गरी बोर्ड समक्ष दाखिल गर्नु पर्नेछ ।

१२. **बोलपत्र खोल्दा सहिछाप गराउनु पर्ने:** नियम ११ बमोजिम बोलपत्र प्राप्त भएपछि प्राप्त बोलपत्रहरु खोल्ने मिति र समयमा उपस्थित हुने बोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहबरमा बोलपत्र खोली उपस्थित सम्बन्धित सबैको सहिछाप गराउनु पर्नेछ। तर सूचनामा तोकिएको समयमा बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा वा उपस्थित भएर पनि सहिछाप नगरेकै कारणले मात्र बोलपत्र खोल्दा रीत नपुगेको मानिने छैन।

१३. **बोलपत्र मुल्यांकन प्रकृया:** (१) नियम ९ बमोजिम प्रकाशित सूचनामा उल्लेख भए बमोजिम रीत पूर्वक पर्न आएका बोलपत्रको मात्र यस नियम बमोजिम मुल्यांकन गरिनेछ।

(२) बोलपत्रको मुल्यांकन गर्न समितिले बोलपत्र मुल्यांकन समिति गठन गर्नेछ।

१४. **बोलपत्र स्वीकृत गर्ने:** (१) बोलपत्र मुल्यांकन गर्दा शुरुमा प्राविधिक प्रस्ताव खोली नियम १३ को उपनियम (२) बमोजिम स्वीकृत मुल्यांकन आधार बमोजिम प्राविधिक मुल्यांकन गरिनेछ। प्राविधिक प्रस्तावबाट सफल भएका बोलपत्रदाताको आर्थिक प्रस्ताव खोली सबभन्दा बढी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

तर बोलपत्र दिने व्यक्ति वा संस्थाको क्षमता, आर्थिक हैसियत, निजको ख्याती समेतको आधारमा सबैभन्दा बढी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न मनासिब नदेखिएमा सो को कारण खोली सो भन्दा लगत्तै पछिको रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न सकिनेछ।

१५. **प्रक्षेपित आम्दानी विवरण तयार गर्नुपर्ने:** (१) समितिले दस्तूर उठाउन खोजिएको सडकमा सञ्चालन हुने सवारीको तथ्यांक समेतलाई आधार बनाएर सालबसाली रुपमा हुन सक्ने आम्दानीको प्रक्षेपित विवरण तयार गर्नुपर्नेछ।

(२) नियम ९ बमोजिम बोलपत्र आव्हान गर्नुअघि उपनियम (१) बमोजिमको विवरण तयार गरिसक्नु पर्नेछ र बोलपत्रदाताको लागि आवश्यक पर्ने तथ्यांक आदि सोही नियम बमोजिमको सूचनामा खुलाउनु पर्नेछ।

१६. **जमानत र पर्फमेन्स वण्ड राख्नु पर्ने:** (१) बोलपत्र दाखिल गर्नेले नियम १५ बमोजिम भएको प्रक्षेपित आम्दानीको साढे दुई प्रतिशतले हुने रकम नगद जमानत वा बैंक ग्यारण्टी दाखिल गर्नु पर्दछ।

(२) बोलपत्र स्वीकृत भएपछि ठेक अंकको पाँच प्रतिशतले हुने रकम नगद वा बोर्डले मागेका बखत बैंकले तुरुन्त दाखिला गर्ने गरी बैंक ग्यारण्टीको रुपमा परफरमेन्स वण्ड वापत दाखिल गर्नु पर्दछ।

१७. **बोलपत्र स्वीकृतिको सूचना र सम्झौता:** (१) बोलपत्र स्वीकृत भएको जानकारीको सूचना सम्बन्धित बोलपत्रदातालाई बोलपत्र स्वीकृत भएको सातदिनभित्र दिनु पर्नेछ। समितिले बोलपत्र स्वीकृत भएको जानकारीको सूचना पठाउँदा सातदिन भित्र सम्झौता गर्न उपस्थित हुनुपर्ने व्यहोरा समेत खुलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र सम्बन्धित बोलपत्रदाता उपस्थित नभएमा वा सम्झौता गर्न मञ्जूर नगरेमा निजको जमानत वापतको रकम जफत गरी निजभन्दा लगत्तै कम अंक प्राप्त गर्ने बोलपत्रदाताको नाममा उपनियम (१) बमोजिम सूचना जारी गर्नु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको व्यक्ति वा फर्मसंग ठेक्का सम्झौता गर्दा बोलपत्रका शर्तहरु, बोलपत्र बमोजिमको रकम बुझाउनु पर्ने कार्यतालिका, ठेक्काका शर्तहरु समेत स्पष्ट गरी सम्झौता गर्नुपर्नेछ ।

१८. **बोलपत्र सम्बन्धी अन्य प्रकृया:** बोलपत्र सम्बन्धी अन्य प्रकृया बोर्डको विनियमावली, निर्देशिकामा उल्लेख भए बमोजिम वा समितिले तोके बमोजिम हुनेछ ।

# खण्ड (ङ)

## सडक बोर्डको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५९

# सडक बोर्डको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५९

सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको स्वीकृति लिई सडक बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सडक बोर्डको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सडक बोर्ड ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले बोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

~~(ग) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ~~ मसान्तसम्मको एक वर्ष सम्झनु पर्छ ।

(घ) "शिलबन्दी दरभाउपत्र"(कोटेशन) भन्नाले बोर्डको माग अनुसार कुनै मालसामान वा सेवा उपलब्ध गराउने सम्बन्धमा इच्छुक व्यक्ति,फर्म, कम्पनी वा संस्थाले खामबन्दीमा लाहाछाप लगाई पेश गरेको दररेट सहितको विवरण सम्झनु पर्छ ।

(ङ) "बोलपत्र"(टेण्डर) भन्नाले बोर्डको सूचना अनुसार कुनै मालसामान वा सेवा उपलब्ध गराउने सम्बन्धमा इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले खामबन्दीमा लाहाछाप लगाई पेश गरेको दररेट सहितको विवरण र अन्य कागजात समेत सम्झनु पर्छ ।

(च) "ठेक्का" भन्नाले घटाघट वा बढाबढ गरी वा नगरी मुनाफाको उद्देश्यले कुनै काम गर्न वा कुनै मालसामान वा सेवा उपलब्ध गराउन बोर्ड यस नियमावलीको प्रकृया पूरा गरी बोलपत्र वा शिलबन्दी दरभाउपत्रबाट लिएको ठेक्का सम्झनु पर्छ ।

(छ) "मालसामान" भन्नाले चल र अचल सबै किसिमका मालसामान सम्झनु पर्छ ।

(ज) "निर्माण कार्य" भन्नाले बोर्डको तर्फबाट गरिने जुनसुकै प्रकारको निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मरमत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(झ) "अधिकार प्राप्त अधिकारी" भन्नाले कार्यकारी निर्देशक वा यस नियमावली बमोजिम निजले अधिकार दिएको बोर्डको कर्मचारी सम्झनु पर्छ ।

(ञ) "कर्मचारी" भन्नाले सडक बोर्डको पदमा यस नियमावली बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(ट) "परिवार" भन्नाले कर्मचारीसंग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शव्दले निजको बाजे, बज्यै तथा महिला कर्मचारीको हकमा

निजको सासू ससुरालाई समेत जनाउँछ ।

(ठ) "विशेष परिस्थिति" भन्नाले सुख्खा, अनावृष्टि, अतिवृष्टि,भूकम्प, बाढी, पहिरो, आगलागजस्ता प्राकृतिक एवं दैवीप्रकोप तथा आकस्मिक वा अप्रत्याशित विशेष कारणबाट सिर्जना भएको परिस्थिति सम्झनुपर्छ ।

## परिच्छेद २
## बोर्डमा रहने खाताहरु र खाताको सञ्चालन

**३. बोर्डमा रहने खाताहरुः** (१) समितिले कुनै बैंकमा देहाय बमोजिमका खाता खोली सञ्चालन गर्न सक्नेछः-

(क) आय खाता,

(ख) चालु खाता,

(ग) अन्य खाता ।

(२) ऐनको दफा ६ बमोजिम प्राप्त रकम आय खातामा जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिम आय खातामा जम्मा भएको रकम प्रत्येक महिनाको सात गते भित्र चालु खातामा स्थानान्तरण गरिनेछ ।

(४) बोर्डको दैनिक कार्य सञ्चालन तथा बोर्डको तर्फबाट गरिने कुनै पनि प्रकारको भुक्तानी दिने प्रयोजनका लागि समितिले तोके बमोजिमको रकम चालू खातामा जम्मा गरिनेछ ।

(५) चालू खाता खोल्दा समितिले काठमाण्डौ उपत्यकामा बैंकिङ्ग कारोबार गरिरहेका समितिले तोकेका वाणिज्य बैंकहरुबीच प्रतिस्पर्धा गराई सबभन्दा बढी ब्याज कबुल गर्ने वाणिज्य बैंकमा खाता खोल्नु पर्नेछ ।

(६) समितिले बोर्डमा वैदेशिक सहायता, ऋण तथा अन्य आम्दानी जम्मा गर्न आवश्यकतानुसार स्वदेशी मुद्रा तथा विदेशी मुद्राका अन्य खाता खोल्न सक्नेछ ।

**४. अर्को खातामा रकम सार्नेः** नियम ४ को उपनियम (२) मा लेखिएदेखि बाहेक बोर्डको नाममा रहेको कुनै बैंक खाताबाट अर्को बैंक खातामा रकम सार्ने अधिकार समितिलाई हुनेछ ।

**५. खाताको सञ्चालनः** बोर्डको खाताको सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको वोर्डको कुनै अधिकृत कर्मचारी र वरिष्ठ वित्त अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**६. भुक्तानीको तरिकाः** बोर्डको तर्फवाट कुनै पनि रकमको भुक्तानी गर्दा चेकको माध्यमबाट गर्नुपर्नेछ ।

**७. सानो नगदी कोषः** (१) बोर्डको तर्फबाट गर्नुपर्ने सानातिना दैनिक खर्चको निमित्ति वरिष्ठ वित्त अधिकृत वा निजले तोकेको कर्मचारीको जिम्मामा रहने गरी रु. २० हजारसम्मको सानो नगदी कोष रहनेछ ।

(२) प्रति बिलमा रु. १० हजारसम्मको भुक्तानी सानो नगदी कोषबाट गर्न सकिनेछ ।

(३) सानो नगदी कोष जिम्मा लिने व्यक्तिले सो कोषबाट रु. १० हजारभन्दा वढीको भुक्तानी भएपछि सो खर्चको बिल भरपाई पेश गरी सोधभर्ना लिनु पर्नेछ ।

## परिच्छेद ३
## वार्षिक वजेट, आर्थिक निकासा र खर्च गर्ने तरिका

८. **बजेट पेश गर्नुपर्नेः** (१) बोर्डको आगामी वर्षको लागि स्वीकृत वार्षिक कार्यक्रमको आधारमा सडक सम्बन्धी निकाय तथा बोर्ड मार्फत कार्यान्वयन गरिने कार्यक्रमको लागि आवश्यक खर्च, बिभिन्न शीर्षक अनुसार हुने बोर्डको प्रशासनिक खर्च र सो खर्च व्यहोर्न हुने अनुमानित आय समेत खुलाई कार्यकारी निर्देशकले प्रत्येक वर्षको जेष्ठ महिनाभित्र आगामी आर्थिक वर्षको वार्षिक बजेट तयार गरी स्वीकृतिको निमित्त समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको आगामी आर्थिक वर्षको बजेट उपर बिचार गरी समितिले आवश्यक देखिएमा परिमार्जन समेत गरी चालू आर्थिक वर्षको आषाढ मसान्तभित्र बजेट स्वीकृत गर्नेछ ।

९. **खर्च गर्ने अधिकारः** (१) समितिबाट बजेट स्वीकृत नभई बोर्डको रकम खर्च गर्नु हुँदैन । तर नियम ९ बमोजिम वार्षिक वजेट स्वीकृत नभएसम्म बोर्डको प्रशासनिक कार्यको लागि आवश्यक पर्ने रकम कार्यकारी निर्देशकले खर्च गर्ने आदेश दिन सक्नेछ र त्यसरी खर्च गर्दा सोही शीर्षकमा गत आर्थिक वर्षमा भएको खर्चको एक चौथाई ननाघ्ने गरी खर्च गर्न सकिनेछ ।

(२) स्वीकृत बजेटको अधीनमा रही खर्च गर्ने अधिकार अधिकारप्राप्त अधिकारीलाई हुनेछ ।

१०. **स्वीकृत रकम खर्च गर्ने तरिकाः** (१) खर्च गर्ने वा खर्चको निमित्त निकासा दिने अधिकारप्राप्त अधिकारीले देहायका कुराहरु बिचार गरी खर्च गर्न वा खर्च गर्ने निकासा दिनुपर्दछः-

(क) रकम स्वीकृत बजेटभित्र र सम्बन्धित शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने,

(ख) रकम कुनै योजनाको सम्बन्धमा भए सो योजना स्वीकृत भइसकेको छ भने, र

(ग) रकम खर्च गर्नुभन्दा अघि खर्च गर्न निकासाको आदेश प्राप्त भइसकेको छ भने ।

(२) सम्बन्धित उपशीर्षकमा स्वीकृत रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा बोर्डलाई हानीं नोक्सानी हुने देखिएमा वा बोर्डको काममा बाधा पुग्ने देखिएमा सो को स्पष्ट कारण उल्लेख गरी कार्यकारी निर्देशकले सो रकम खर्च गर्ने आदेश दिन सक्नेछ र त्यसरी भएको खर्च त्यसपछि तत्काल बस्ने समितिको वैठकमा पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

(३) रकम खर्च गर्दा बील भरपाई हुने खर्चको बील भरपाई अधिकारप्राप्त अधिकारीबाट समर्थन गराई सो को लेखा राख्नु पर्नेछ ।

११. **रकमान्तरः** देहायको खर्च शीर्षकमा बाहेक कुनै बजेट खर्च शीर्षक वा उपशीर्षकमा छुट्याइएको रकम अपुग हुन गएमा र अन्य खर्च शीर्षक वा उपशीर्षकमा रकम बढी हुन गएमा रकमान्तर गरिने खर्चशीर्षक वा उपशीर्षकमा छुट्याइएको रकमको दश प्रतिशतमा ननाघ्ने गरी कार्यकारी निर्देशकले रकमान्तर गर्न सक्नेछ र सो भन्दा बढी रकमको वा देहायका खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा समितिको निर्णय बमोजिम गर्नुपर्नेछ :-

(क) भत्ता,

(ख) भैपरि आउने,

(ग) फर्निचर, सवारी साधन, मेशिनरी औजार,

(घ) विविध ।

(३) चालू आर्थिक वर्षको बजेटले नखाम्ने गरी दायित्व सृजना गर्नु हुँदैन ।
तर विशेष कारण परी चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा तत्काल बसेको समितिको वैठकमा पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

१२. **दान, दातव्य, अनुदान, सहयोगः** बोर्डले आफ्नो चल अचल सम्पत्ति कसैलाई दान, दातव्य, अनुदान वा सहयोग दिँदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद ४
## बोर्डको सम्पत्तिको जिम्मा र सो को संरक्षण

१३. **बोर्डको सम्पत्तिको जिम्मा र त्यसको लगतः** (१) कार्यकारी निर्देशकले बोर्डको चल अचल सम्पत्ति हानी नोक्सानी नहुने गरी सुरक्षित तरिकाले राखी त्यसको अद्यावधिक स्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बोर्डमा रहेको नगद, बैंक मौज्दात, चेक र त्यसको स्रेस्ता, धरौटी र त्यसको स्रेस्ता र बोर्डको आम्दानीको लेखा राख्ने दायित्व वरिष्ठ वित्त अधिकृतको हुनेछ ।

(३) बोर्डको चल अचल जिन्सी सामानको स्रेस्ता कार्यकारी निर्देशकले तोकेको कर्मचारीका जिम्मामा रहनेछ ।

१४. **सम्पत्तिको वीमाः** कार्यकारी निर्देशकले बोर्डको सम्पत्ति र कारोबारको आवश्यकतानुसार वीमा गराउनु पर्नेछ ।

१५ **सम्पत्तिको प्रयोगः** (१) बोर्डको सम्पत्ति बोर्डको काममा बाहेक अन्य कामको लागि प्रयोग गर्नु हुँदैन ।

(२) कार्यकारी निर्देशकको लिखित स्वीकृत नभई बोर्डको सम्पत्ति प्रयोग गर्नु हुँदैन ।

## परिच्छेद ५
## खरिद, निर्माण सुधार तथा परामर्श सेवा सम्बन्धी व्यवस्था

१६. **लिखित आदेश बिना खरिद गर्न नहुनेः** अधिकारप्राप्त अधिकारीको लिखित आदेश बिना स्वीकृत बजेटबाट कुनै पनि मालसामान खरिद गर्न वा गराउन हुँदैन ।
तर एकपटकमा रु. पाँचहजारसम्मको मालसामान खरिद गर्दा मौखिक आदेशमा पनि खरिद गर्न सकिनेछ ।

१७. **खरिद वा अन्य कार्य गर्ने व्यवस्थाः** (१) कुनै निर्माण सुधार र परामर्श सेवा लिने बाहेक खरिद वा अन्य काम गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) एकपटकमा रु. एकलाखसम्म सोझै बजारबाट,

(ख) एकपटकमा रु. दशलाखसम्म शिलबन्दी शिलबन्दी दरभाउपत्रबाट,

(ग) दशलाखभन्दा माथि जतिसुकै भए पनि बोलपत्र ।

(२) शिलबन्दी दरभाउपत्र वा बोलपत्र छल्ने गरी पटक पटक खरिद वा अन्य काम गराउन हुदैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी बोलपत्र

आव्हान गरी मालसामान खरिद गर्न वा अन्य काम गर्न नभ्याउने भएमा त्यसरी नभ्याउने र तत्काल खरिद गर्नुपर्ने कारण खुलाई कार्यकारी निर्देशकको लिखित स्वीकृति लिई शिलबन्दी दरभाउपत्रद्वारा पनि खरिद गर्न वा अन्य काम गर्न सकिनेछ।

(४) मालसामान खरिद गर्दा सकभर नेपाल अधिराज्यमा बनेको मालसामान खरिद गर्नु पर्नेछ। त्यसरी खरिद गर्दा प्रयोगमा ल्याउन सकिने नेपाली मालसामान विदेशी मालसामान भन्दा दश प्रतिशतसम्म महँगो भए पनि नेपाली मालसामान नै खरिद गर्नु पर्नेछ।

१८. **शिलबन्दी दरभाउपत्रबाट खरिद वा अन्य काम गराउने:** शिलबन्दी दरभाउपत्रद्वारा मालसामान खरिद गर्दा वा अन्य कार्य गराउँदा कम्तीमा सातदिनको म्याद दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गरी शिलवन्दी शिलबन्दी दरभाउपत्र आव्हान गरी प्राप्त शिलबन्दी दरभाउपत्र मध्ये सबभन्दा कम मूल्य भएको शिलबन्दी दरभाउपत्रवालासँग त्यस्तो मालसामान खरिद गर्नु वा अन्य कार्य गराउनु पर्नेछ।

१९. **निर्माण कार्य गराउने सम्बन्धी व्यवस्था:** (१) कुनै निर्माण, मर्मत, सम्भार वा सुधार कार्य गराउनु पूर्व सो कार्यको लागत अनुमान तयार गरी कार्यकारी निर्देशकबाट स्वीकृत गराउनु पर्नेछ।

(२) लागत अनुमान तयार गर्दा सामान्यतया: एउटै कामलाई टुका टुका गरी गर्नु हुँदैन। एउटै कामको सम्बन्धमा टुका टुका गरी लागत अनुमान गर्नुपर्ने भएमा सो को प्राविधिक पुष्ट्याँई र अन्य कारण समेत उल्लेख गरेको हुनु पर्नेछ।

(३) देहाय बमोजिमको निर्माण, मर्मत, सम्भार वा सुधार कार्य देहाय बमोजिम गर्नु पर्दछ:-

(क) एकलाख रुपैयाँसम्मको काम सोर्झ वार्ताबाट,

(ख) दशलाख रुपैयाँसम्मको काम राष्ट्रियस्तरको पत्रपत्रिकामा कम्तीमा सातदिनको सूचना प्रकाशन गरी मूल्य अभिबृद्धि कर र आय करमा दर्ता भएका प्रचलित कानून बमोजिम निर्माण व्यवसायी दर्ता प्रमाणपत्र प्राप्त ठेकेदारहरुबाट शिलबन्दी दरभाउपत्र लिई सबभन्दा घटिको शिलबन्दी दरभाउपत्रवालाबाट,

(घ) दश लाख रुपैयाँभन्दा बढी जतिसुकै रकमको काम बोलपत्रबाट।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा स्वीकृत लागत अनुमान र स्वीकृत बजेट अनुसारको काम उपनियम (३) को खण्ड (ख) बमोजिम गराउन सकिनेछ।

२०. **बोलपत्र सम्बन्धी कार्यविधि:** (१) बोलपत्र आव्हान गर्नुभन्दा अघि बोलपत्र सम्बन्धी कागजात तयार गरी कार्यकारी निर्देशकबाट स्वीकृत गराउनु पर्नेछ।

(२) बोलपत्र दाखिल गर्नेले उपनियम (१) बमोजिम स्वीकृत भएको र बोर्डको छाप लागेको बोलपत्र देहाय बमोजिमको रकम तिरी खरिद गरी सोही बोलपत्र दाखिल गर्नु पर्नेछ:

(क) एक करोड रुपैयाँसम्म लागत अनुमान भएको बोलपत्रको लागि — रु. २,०००।-,

(ख) एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म लागत अनुमान भएको बोलपत्रको लागि — रु. ३०००।-

(ग) तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएको बोलपत्रको लागि — रु. ५,०००।-

(घ) पाँच करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएको बोलपत्रको लागि रु. ७,०००|-

(३) बोलपत्र सम्बन्धी कागजात स्वीकृत भइसकेपछि बोर्डले राष्ट्रियस्तरको पत्रपत्रिकामा देहायका कुराहरु खुलाई दुइपटकसम्म बोलपत्र आव्हानको सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) बोलपत्र पठाउने तरिका,
(ख) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,
(ग) बोलपत्र वापत लाग्ने दस्तूर,
(घ) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय,
(ङ) बोलपत्र खोल्ने मिति, समय र स्थान,
(च) जमानतको किसिम, रकम र बैंक ग्यारण्टीको हकमा मान्य हुने अवधि,
(छ) वोलपत्रमा भाग लिन पाउने ठेकेदारको वर्ग,
(ज) बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु ।

(४) बोलपत्र दाखिल गर्न अवस्था हेरी १५ देखि ९० दिनसम्मको म्याद दिनु पर्नेछ ।

(५) बोलपत्र दाखिल गर्नेले लागत अनुमान भएकोमा लागत अनुमानको र लागत अनुमान नभएकोमा कबुल अंकको साढे दुई प्रतिशतले हुने रकम नगद जमानत वा बैंक ग्यारण्टी दाखिल गर्नु पर्दछ ।

(६) बोलपत्र स्वीकृत भएपछि ठीक अंकको पाँच प्रतिशतले हुने रकम नगद वा बोर्डले मागेका बखत बैंकले तुरुन्त दाखिला गर्ने गरी बैंक ग्यारण्टीको रुपमा परफरमेन्स वण्ड वापत दाखिल गर्नु पर्दछ ।

(७) साधारणतया एक करोड रुपैयाँभन्दा बढीको निर्माण सम्बन्धी ठेक्काको बोलपत्र आव्हान गर्नुभन्दा अघि राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रिक्वालिफिकेशनको लागि पन्ध्रदेखि नब्बेदिनसम्मको म्याद दिई प्रश्नावली तयार गरी वर्गीकृत ठेकेदारहरुबाट दर्खास्त आव्हान गर्न सकिनेछ । यसरी प्रिक्वालिफिकेशनको दर्खास्त आव्हान गर्दा प्रिक्वालिफिकेशनको आधारहरु (प्राविधिक क्षमता, आर्थिक क्षमता, अनुभव) र मुल्यांकन भार (पूर्णांक १०० र प्रतिइकाई भार काय प्रकृति अनुसार २० देखि ६० नम्बरभित्र) बोलपत्र खोल्नु अगावै कार्यकारी निर्देशकले स्वीकृत गर्नु पर्नेछ । कस्तोमा प्रिक्वालिफिकेशन गर्ने भन्ने विषयमा कार्यकारी निर्देशकले निर्णय गर्नु पर्नेछ । प्रिक्वालिफिकेशन सम्बन्धी सूचना प्रकाशित गर्दा छनौटका आधारहरु पनि उल्लेख गर्नु पर्नेछ । यसरी प्रिक्वालिफिकेशन गरिएकोमा त्यसबाट छनौट भएका फर्महरुबाट मात्र कम्तीमा पन्ध्र दिनको म्याद दिई बोलपत्र आव्हान गर्न सकिनेछ ।

(८) एक करोड रुपैयाँभन्दा माथिको लागत अनुमान भएको खरिद वा निर्माण सम्बन्धी कामको निमित्त बोलपत्र आव्हान गर्दा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै लिई मुल्यांकन गरेर ठेक्का दिने व्यवस्था गर्न सकिनेछ । मुल्यांकनको प्रयोजनको लागि प्राविधिक र आर्थिक पक्षको मुल्यांकनका आधार बोलपत्र आव्हान गर्नु अगावै कार्यकारी निर्देशकबाट स्वीकृत गराइ राख्नु पर्नेछ । यसरी बोलपत्र आव्हान गर्दा उपनियम (७) बमोजिम प्रिक्वालिफिकेशन गराउनु पर्ने छैन । यसरी बोलपत्र आव्हान गर्दा प्राविधिक प्रस्तावबाट छनौट भएका बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोली न्युनतम आर्थिक प्रस्ताव भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(९) बोलपत्रको मुल्यांकन गरी स्वीकृतिको निमित्त सिफारिश गर्न कार्यकारी निर्देशकले सम्बन्धित प्राविधिक विशेषज्ञ, लेखा तथा कानून सम्बन्धी कर्मचारी समेत भएको एउटा बोलपत्र मुल्यांकन समिति गठन गर्नु पर्नेछ ।

(१०) एक पटक दाखिला भएको बोलपत्रमा कुनै व्यहोरा थपघट गरी संशोधन गर्न वा फिर्ता लिन वा दिन हुँदैन ।

**२१. बोलपत्रमा कारवाही नहुने अवस्था:** (१) निम्नलिखित रीत नपुगेको बेलपत्रमा कारबाही गरिने छैन :-

(क) बोर्डबाट बिक्री भएको बोलपत्र फाराम भरी नआएको

(ख) सम्बन्धित व्यक्ति वा फर्मको नाममा बिक्री भएको बोलपत्र फारम भरी नआएको,

(ग) सिलबन्दी भई नआएको,

(घ) बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र दिनेको सहीछाप भई नआएको,

(ङ) म्यादभित्र दाखिल हुन नआएको,

(च) बोलपत्रमा उल्लेख गर्नुपर्ने कुराहरु उल्लेख नगरेको वा गलत उल्लेख गरेको,

(छ) बोलपत्र आहवानको सूचना बमोजिम किसिम, समयावधि र रकमको जमानत साथ नभएको ।

(ज) संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा काम गर्ने ठेकेदारले संयुक्त लगानी सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि पेश नगरेको,

(झ) दर विश्लेषण पेस गर्ने भनी बोलपत्र आहवानको सूचनामा तोकिएको भए सो बमोजिम पेस नभएको,

(ञ) निर्माण कार्यको बिल अफ क्वान्टिटीको प्रत्येक आइटमो दररेट भरी नआएको,

(ट) बोलपत्र आहवानको सूचनामा तोकिएको अन्य शर्तहरु पूरा नगरेको ।

**२२. विदेशीले बोलपत्र दिंदा खुलाउनु पर्ने कुराहरुः** (१) विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अन्तराष्ट्रिय बोलपत्र लगायत कुनै बोलपत्र दिंदा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बोलपत्र देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछः-

(क) नेपाल अधिराज्यभित्र कुनै एजेण्ट नियुक्ति भएको वा नभएको,

(ख) एजेण्ट नियुक्त भएको भए,-

(१) एजेण्टको नाम र ठेगाना,

(२) एजेण्टले पाउने कमिशंनको अंक, मुद्राको किसिम र भुक्तानीको तरिका,

(३) एजेण्टसँग भएको अन्य कुनै शर्त,

(४) स्थानीय एजेण्टको आयकर दर्ता प्रमाणपत्र र एजेण्ट हुन स्वीकार गरेको पत्र ।

(ग) एजेण्ट नियुक्त नभएको भए,-

(१) बोलपत्र आव्हान भएको जानकारी पाएको स्रोत,

(२) बोलपत्र दर्ता गर्न, खोल्न र बोलपत्र सम्बन्धी अन्य कारवाहीमा प्रतिनिधित्व गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई दिइएको पारिश्रमिक,

(३) बोलपत्रसाथ दाखिला गर्नुपर्ने धरौटी रकम स्थानान्तरण, हस्तान्तरण र विदेशी मुद्रा सटही गरेको प्रमाण,

(४) विदेशी मुद्रा सटही गर्दा कुनै नेपाली बैंक खाता प्रयोग गरेको भए त्यस्तो

व्यक्तिको नाम, ठेगाना र आफैले ल्याई सटही गरेको भए बैंकको प्रमाण ।

(२) स्थानीय एजेण्ट नभएको भनी बोलपत्र पेश गरेकोमा पछि एजेण्ट भएको प्रमाणित भएमा वा कम कमिशन उल्लेख गरी पछि एजेण्टले बढी लिएको प्रमाणित भएमा एजेण्टले पाउने कमिशन बराबरको रकम जरिवाना गरी झुठा विवरण दिएकोमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२३. **स्थानीय एजेण्ट हुने विदेशी बोलपत्रदाताहरुको सम्बन्धमा हुने कारवाई:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी व्यक्ति,फर्म, कम्पनी वा संस्थाको बोलपत्रको सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) नेपाल अधिराज्यभित्र एजेण्ट नियुक्त भएकोमा बोलपत्र मुल्यांकन गर्दा निजले पाउने कमिशन अंकलाई पनि आधार बनाउनु पर्दछ ।

(ख) विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थाको बोल अंक बराबर भएकोमा स्थानीय एजेण्टलाई बढी दिनेको बोलपत्रलाई प्राथमिकता दिनु पर्दछ ।

(ग) स्थानीय एजेण्टले पाउने कमिशन अंक गलत लेखेको प्रमाणित हुन आएमा झुठा विवरण दिने व्यक्ति, फर्म, कम्पनी वा संस्था र निजको एजेण्टले पाउने कमिशन बराबरको रकम जरिवाना गरी सो को अभिलेख राखिनेछ ।

(घ) स्थानीय एजेण्टले पाउने कमिशन अंक गलत उल्लेख गरेको प्रमाणित हुन आएमा फरक रकम र सो बराबरको जरिवाना ठेकेदारले राखेको जमानत वा निजले कुनै काम वापत पाउने कुनै रकमबाट असूल गरिनेछ ।

(ङ) स्थानीय एजेण्ट नभएको भनी बोलपत्र दिएकोमा पछि एजेण्ट भएको प्रमाणित हुन आएमा वा कम कमिशन उल्लेख गरी पछि एजेण्टले बढी लिएको प्रमाणित भएमा सो कमिशन बराबरको रकम जरिवाना गरी झुठा विवरण दिएको आधारमा प्रचलित कानून बमोजिम कारबाई हुनेछ ।

(च) स्थानीय एजेण्टले पाउने कमिशन अंक गलत उल्लेख गरेको व्यहोरा कसैको उजूरीबाट प्रमाणित भएमा त्यस्तो सुराक दिने व्यक्तिलाई असूल भएको रकमको बीस प्रतिशत पुरस्कार दिई बाँकी बोर्डको कोषमा जम्मा गरिनेछ ।

(छ) बोलपत्रदाताको एजेण्टले पाउने कमिशनको विवरण त्यस्तो एजेण्टले प्रचलित कानून बमोजिम लाग्ने आयकर निर्धारणको निमित्त सम्बन्धित कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

२४. **बोलपत्र स्वीकृत गर्ने सम्बन्धी अधिकार:** (१) पाँच करोड रुपैयाँसम्मको बोलपत्र स्वीकृत गर्ने अधिकार कार्यकारी निर्देशकलाई र सो भन्दा बढी रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार समितिलाई हुनेछ ।

(२) साधारणतः रीत पुगेका बोलपत्रहरु मध्ये सबैभन्दा घटि रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नुपर्नेछ ।

तर घटि कबुल गर्ने बोलपत्रदाताको क्षमता, अनुभव, भरपर्दो फर्म वा कम्पनी भए नभएको, आर्थिक हैसियत जस्ता कुराहरुको बिचार गर्दा सो भन्दा बढी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नुपर्ने देखिएमा सो को स्पष्ट कारण खोली बढी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न सकिनेछ ।

(३) कुनै बोलपत्र आंशिक रुपले स्वीकार गर्दा बोर्डलाई फाइदा हुने भएमा बोलपत्र दाखिल

गर्नेको मञ्जूरी लिई आंशिक रुपमा पनि स्वीकृत गर्न सकिनेछ ।

(४) लागत अनुमान भएकोमा सो लागत अनुमान हुँदा कायम भएको अंक भन्दा बढी अंकको बोलपत्र पर्न आएमा बोलपत्रदाता सबैबाट गोप्य रुपमा घटाघट गराउनु पर्नेछ । यसरी घटाघट गराउँदा लागत अनुमान भित्र पर्न आएमा सबभन्दा कम रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न सकिनेछ । घटाघट गराउँदा लागत अनुमानको दश प्रतिशतसम्म बढी भएमा कारण खुलाई सबैभन्दा घटी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र समितिको सहमति लिई स्वीकृत गर्न सकिनेछ । लागत अनुमानको दश प्रतिशत भन्दा बढी भएमा लागत अनुमानको पुनरावलोकन गरी पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ ।

(५) बोलपत्र आव्हान गर्दा बोलपत्र नपरेमा वा एउटा मात्र बोलपत्र परेमा सो नखोली सातदिनभित्र पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ । पुनः बोलपत्र आव्हान गर्दा पनि एकमात्र बोलपत्र वोलपत्र परेमा एउटा मात्र बोलपत्र परेको भए सो खोल्दा लागत अनुमानभित्र परेको भए स्वीकृत गर्नु पर्नेछ र लागत अनुमानभित्र नपरेको भए उपनियम (५) बमोजिम गर्नु पर्नेछ । दुईपटक आव्हान गर्दा पनि रीत पूर्वकको कुनै बोलपत्र पर्न नआएमा शिलबन्दी कोटेशनबाट खरिद गर्न वा निर्माण काम गराउन सकिनेछ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा देहाय बमोजिम गरी बोलपत्र स्वीकृत गर्नुपर्नेछ :-

(क) अन्तराष्ट्रिय बोलपत्रमा विदेशीहरुको मात्र बोलपत्र पर्न आएकोमा विदेशी निर्माण कम्पनीले नेपालमा काम गर्दा नेपाली निर्माण कम्पनी वा फर्मसँग संयुक्त उपक्रम (ज्वाइण्ट भेञ्चर) मा काम गर्ने प्रस्ताव भएको कम्पनीलाई प्राथमिकता दिनु पर्नेछ ।

(ख) छ करोड रुपैयाँ वा सो भन्दा मुनिको रकमको ठेक्का पट्टा दिँदा नेपाली नागरिकलाई मात्र दिनु पर्नेछ ।

(ग) बोलपत्र स्वीकृत गर्दा विदेशीको बोलपत्रको अंक भन्दा नेपालीको बोलपत्रको अंक साढे सात प्रतिशतसम्म बढी भएमा पनि नेपालीको बोलपत्र स्त्रीकृत गर्नुपर्नेछ ।

(घ) विदेशीको बोलपत्र स्वीकृत गर्दा विदेशी निर्माण कम्पनीले पचास प्रतिशत नेपालीको संयुक्त उपक्रममा काम गर्ने भएकोमा अरुको भन्दा साढे सात प्रतिशतसम्म बढी अंक भए पनि स्वीकृत गर्नु पर्नेछ ।

**२५. दातृ पक्षसाग भएको सम्झौता बमोजिम हुने:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी सहायताबाट हुने खरिद वा निर्माण सम्बन्धी कार्य गर्दा वा प्राविधिक वा परामर्श सेवा लिँदा सो सम्बन्धमा दातृ पक्षसँग भएको सम्झौतामा लेखिए बमोजिम गर्नु पर्नेछ ।

**२६. शिलबन्दी दरभाउपत्र सम्बन्धी व्यवस्था:** (१) शिलबन्दी दरभाउपत्र दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले पाँचसय रुपैयाँ तिरी बोर्डको छाप र सम्बन्धित कर्मचारीको दस्तखत भएको शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।

(२) शिलबन्दी दरभाउपत्रका सम्बन्धमा समेत बोलपत्रका सम्बन्धमा उल्लेख भएका नियम २० र २३ मा उल्लिखित कार्यविधिहरु लागू हुनेछन् ।

**२७. बोलपत्र स्वीकृत भएपछि गर्नुपर्ने कारवाई:** (१) बोलपत्र स्वीकृत भइसकेपछि बोर्डले तीन दिनभित्र सो को सूचना सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना पाएपछि त्यस्तो सूचना पाउने व्यक्ति बाटाको म्याद बाहेक सात दिनभित्र सम्झौता गर्न आउनु पर्नेछ। सम्झौता गर्दा बोलपत्रका शर्तहरु, काम गर्ने कार्यतालिका र बोलपत्र कागजात समेतको आधारमा मितव्ययिता र कार्यक्रम अनुसार कार्य सम्पन्न गर्ने गरी शर्त सहितको सम्झौता गर्नु पर्नेछ। सम्झौतामा मुख्य मुख्य निर्माण सामाग्रीको दर समेत खुलाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गर्न मन्जूर नगरेमा बोलपत्रको सूचनामा उल्लिखित जमानत वापतको रकम जफत गरी निजपछि क्रमानुसार बोल अंक भएको बोलपत्रदातालाई सम्झौता गर्न आउने सूचना दिई आवश्यक जमानत लिई निजसंग सम्झौता गर्न सकिनेछ।

२८. **वीमा गराउनु पर्नेः** (१) एक करोड रुपैयाँभन्दा माथिको ठेक्कामा ठेकेदारले सम्झौता गरेको सात दिनभित्र ठेक्का शुरु हुने मितिदेखि मर्मत अवधिसम्म लागू हुने गरी निम्नानुसारको जोखिमको लागि वीमा गरेको प्रमाण कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गर्न सकिनेछ। त्यस्तो वीमाको वीमाङ्क बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

(क) संरचना, सामग्री र मेशिनको संभावित क्षति वा नोक्सानी,

(ख) औजारको संभावित क्षति वा नोक्सानी,

(ग) ठेक्काको कारणबाट अन्य सम्पत्तिमा हुन सक्ने क्षति वा नोक्सानी,

(घ) कामदारहरुको व्यक्तिगत शारीरिक क्षति, अंगभंग वा मृत्यू,

(ङ) तेस्रो पक्षसँग सम्बन्धित जोखिम।

(२) उपनियम (१) बमोजिम भएको वीमाका शर्तहरु बोर्डको स्वीकृति बिना परिवर्तन गर्न पाइने छैन।

२९. **प्राविधिक वा परामर्श सेवा लिने सम्बन्धी व्यवस्थाः** (१) कुनै आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान, ड्इङ्ग, डिजाइन, स्पेसिफिकेशन, सर्वेक्षण र निर्माण कार्यको रेखदेख, मर्मत सम्भार वा अन्य यस्तै कुनै प्राविधिक वा परामर्श सेवाको लागि बोर्डमा सो बमोजिमको आवश्यक दक्ष जनशक्ति वा यन्त्र औजार उपलब्ध नभई अन्य कसैको प्राविधिक वा परामर्श सेवा लिन आवश्यक भएमा त्यस्तो प्राविधिक वा परामर्श सेवा लिन सकिनेछ।

(२) प्राविधिक वा परामर्श लिँदा देहाय बमोजिम रकम लाग्ने प्राविधिक वा परामर्श सेवा देहाय बमोजिम लिन सकिनेछः-

(क) एक लाख रुपैयाँसम्मको सोझै वार्ताबाट,

(ख) पाँचलाख रुपैयाँसम्मको शिलबन्दी दरभाउपत्रबाट,

(ग) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकैको प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको बोलपत्रबाट।

(३) स्वदेशी तथा विदेशी परामर्शदाताहरुको शिलबन्दी दरभाउपत्र वा बोलपत्रहरु दाखिल हुन आएको अवस्थामा स्वदेशी परामर्शदाताबाट विदेशी परामर्शदाताको तुलनामा दशप्रतिशतसम्म बढी रकम अंकित गरिएको भए पनि स्वदेशी परामर्शदाताको बोलपत्र वा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्नु पर्नेछ।

(४) उपनियम (२) को खण्ड (ख) बमोजिम शिलबन्दी दरभाउपत्र माग गर्दा प्राविधिक वा

परामर्श सेवासँग सम्बन्धित कार्यक्षेत्रगत शर्तहरु (टर्म्स अफ रेफरेन्स) तयार गरी राष्ट्रियस्तरको परपत्रिकामा कम्तीमा पन्धदिनको सूचना प्रकाशन गरेर प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको शिलबन्दी दरभाउपत्र माग गर्नु पर्नेछ ।

(५) उपनियम (२) को खण्ड (ग) बमोजिमको बोलपत्र माग गर्दा उपनियम (४) बमोजिम टर्म्स अफ रेफरेन्स तयार गरी प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको बोलपत्र माग गर्नु पर्नेछ । यसरी प्राविधिक र आर्थिक प्रस्ताव सहितको बोलपत्र माग गर्दा बोलपत्र दिन चाहने संस्था, फर्म, वा व्यक्तिको नाम, ठेगाना, प्रोपाइटर वा साझेदारको नाम, ठेगाना तथा संस्थाको स्थापना मिति समेत खुलाई बोलपत्र पेश गर्न राष्ट्रियस्तरको पत्रपत्रिकामा आवश्यकतानुसार कम्तीमा पन्धदिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको बोलपत्र पेश गर्ने संस्था, फर्म वा कम्पनीले श्री ५ को सरकारको सम्बन्धित विभागमा दर्ता भई आयकर दर्ता प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ ।

(७) यस नियम बमोजिम पर्न आएका प्राविधिक र आर्थिक प्रस्ताव खोल्नु अगावै मुल्यांकन भार तोक्नु पर्नेछ । यसरी भार तोकी सकेपछि प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ । यसरी खोलिएका प्राविधिक प्रस्तावहरु मध्ये कम्तीमा साठी प्रतिशत अंक ल्याउनेहरुलाई प्राविधिक प्रस्तावबाट छनौट गर्नु पर्नेछ र कम्तीमा तीनवटा प्रस्तावले साठीप्रतिशत अंक प्राप्त नगरेमा पचास प्रतिशतभन्दा बढी अंक ल्याउने प्राविधिक प्रस्ताव समेतलाई छनौट गर्नु पर्नेछ । यसरी छनौट गर्दा कम्तीमा तीनवटा प्राविधिक प्रस्ताव छनौट हुन नसकेमा पुन: बोलपत्र आव्हान गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम प्राविधिक प्रस्तावको छनौट गर्दा पूर्णाङ्क १०० कायम गरी देहायका आधारमा बढी अंक ल्याउनेलाई छनौट गर्नुपर्नेछ । पूर्णाङ्क १०० लाई कामको प्रकृति अनुसार अंक निर्धारण गरी प्रस्ताव आव्हान गर्दा नै आधारको अंकभार सार्वजनिक गर्नु पर्नेछः-

(क) आवश्यक योग्यता, अनुभव तथा दक्षता सम्बन्धी विंवरण,
(ख) आवश्यक जनशक्तिको कार्यदक्षता तथा योग्यता सम्बन्धी विवरण,
(ग) कार्यसम्पन्न गर्ने तरिका, कार्याबधि, समय तालिका तथा जनशक्तिको अनुमान,
(घ) प्राविधिक क्षमता,
(ङ) व्यवस्थापन क्षमता,
(च) आर्थिक अवस्था ।

(९) उपनियम (८) बमोजिम छनौट भएका प्राविधिक प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । यसरी खोलिएका आर्थिक प्रस्तावहरुमध्ये प्राविधिक प्रस्तावतर्फ साठी प्रतिशत र आर्थिक प्रस्तावतर्फ चालीस प्रतिशतको भार दिई सबैभन्दा बढी अंक पाउनेको प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।

(१०) उपनियम (९) बमोजिम आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृत गर्नुपूर्व कार्यकारी निर्देशकले प्रस्तावकसँग वार्ता गर्न वा बोलपत्र मुल्यांकन समितिलाई वार्ता गर्न लगाउन सक्नेछ र त्यसरी वार्ता गर्दा कुनै कारणबस निजको प्रस्ताव स्वीकृत गर्न मनासिब नदेखिएमा निज पछिको प्रस्तावकसंग वार्ता गरी सम्झौता गर्न सक्नेछ ।

(११) उपनियम (९) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित प्रस्तावकलाई तीनदिन भित्र बाटाको म्याद बाहेक सात दिनभित्र सम्झौता गर्न आउनू भनी सूचना दिनु पर्नेछ । यसरी सूचना पाउने प्रस्तावकले स्वीकृत भएको आर्थिक प्रस्तावको पाँच प्रतिशत नगद वा बैंक

जमानत पेश गर्नुपर्नेछ। सो प्रस्तावक उक्त म्यादभित्र सम्झौता गर्न नआएमा वा जमानत दाखिल नगरेमा निजको प्रस्ताव रद्द गरी क्रमानुसार दोस्रो बढी अंक प्राप्त गर्ने प्रस्तावकको आर्थिक प्रस्ताव स्वीकृत गरी सम्झौता गर्न आउने सूचना दिइनेछ।

(१२) पचास लाख रुपैयाँसम्मको प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत गर्ने अधिकार कार्यकारी निर्देशकलाई र सो भन्दा बढीको प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत गर्ने अधिकार समितिलाई हुनेछ।

३०. **मिलोमतो गरी बोलपत्र दिएमा हुने कारवाई:** (१) कृतिम प्रतिस्पर्धा हुने गरी आपसमा मिलोमतो गरी बोलपत्र दाखिल गरेको प्रमाणित भएमा त्यसरी मिलोमतो गर्नेको बोलपत्र रद्द गरी धरौटी समेत जफत गरिनेछ।

(२) कृतिम प्रतिस्पर्धा हुने गरी आपसमा मिलोमतो गरी बोलपत्र दाखिल गरेको कुराको सम्बन्धमा कसैले बोलपत्र दाखिल गर्ने म्याद नाघेको सात दिनभित्र उजूर गर्न सक्नेछ र सातदिन पछि परेको उजूर उपर कुनै कारवाई गरिने छैन।

३१. **ठेकेदारलाई भुक्तानी दिने:** ठेकेदारलाई ठेक्काको कामको देहाय बमोजिम भुक्तानी दिनु पर्नेछः-

(क) ठेकेदारले सम्पन्न गरेको कामको रीतपूर्वकको रनिङ्ग बिल वा अन्तिम बिल पेश गरेपछि निजले गरेको कामको गुणस्तर तथा परिमाण ठीक भए वा नभएको सम्बन्धित प्राविधिक कर्मचारीले जाँची रीतपूर्वकको बिल पेश गरेको भए बढीमा तीस दिनभित्र भुक्तानी दिनु पर्नेछ।

(ख) ठेकेदारलाई भुक्तानी दिने अंकको पाँच प्रतिशत निरोधित जमानत रकम (रिटेन्सन मनी) कटाएर मात्र भुक्तानी दिनु पर्नेछ र त्यस्तो कटाइएको रकम र बोलपत्र दिँदा र बोलपत्र स्वीकृत हुँदा जमानत वापत रहेको रकम ठेक्का सम्झौताको शर्त अनुसार काम समाप्त भई अन्तिम बिल भुक्तानी भएको मितिले साधारणतया तीन महिनादेखि एक वर्ष सम्म वा मेन्टेनेन्स अवधि समाप्त भएपछि वा सम्झौताका शर्तहरु पूरा भएपछि आयकर विवरण पेश गरेको वा तिरेको र मुल्य अभिबृद्धि करको हिसाब समायोजन गरेको प्रमाणपत्र हेरी बाँकी रकम फिर्ता दिनु पर्नेछ।

(ग) यस नियमावली बमोजिम ठेकेदारले रनिङ्ग बिल वा अन्तिम बिलको रकम भुक्तानी दिँदा निजको नाममा रहेको पेश्की एवं अग्रिम आयकर कटाएर मात्र भुक्तानी दिनु पर्नेछ। सो कटाएको रकम सम्बन्धित कर कार्यालयमा बुझाई ठेकेदारलाई समेत जनाउ दिनु पर्नेछ।

३२. **मुख्य मुख्य मालसामानको दर घटबढ भएमा लिने दिने:** (१) बोलपत्र आव्हान गर्दा बोलपत्रमा लागत अनुमान बमोजिम निर्माण सम्बन्धी कामको प्रकृति हेरी मुख्य मुख्य मालसामानको दर किटान गरी सो को लागत अनुमान बमोजिमको दरभाउ समेत खुलाई दर विश्लेषण समेत लिने व्यवस्था गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भई ठेक्का सम्झौता गर्दा पनि सो सम्झौताको शर्तमा सो दरभाउ र काम गर्ने तालिका समेत उल्लेख गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम ठेक्का सम्झौतामा उल्लिखित दरभाउको दश प्रतिशतसम्म मुल्य घटि बढी भएमा थपघट गरिने छैन। दश प्रतिशत भन्दा बढी घट्न गएमा दश प्रतिशतभन्दा

बढीको रकम ठेकेदारको बीलबाट कट्टा गरिनेछ र दश प्रतिशत भन्दा बढी भएमा दश प्रतिशतभन्दा बढीको बृद्धि रकम ठेकेदारलाई दिइनेछ ।

(३) यस नियम बमोजिम मुल्य बृद्धि रकम दिदा ठेकेदारले मुल्य अभिबृद्धिकर र आयकर दर्ता भएको उत्पादक वा बिक्रेतासंग खरिद गरेको कर विजक पेश गरेको मालसामानको मात्र मुल्य बृद्धि दिइनेछ ।

**३३. ठेक्काको म्याद थप गर्ने:** (१) ठेक्का सम्झौता बमोजिम गर्नुपर्ने काम बाढी, पहिरो, आगलागी, भूकम्प जस्ता प्राकृतिक प्रकोप वा अन्य आकस्मिक वा अप्रत्यासित कारण परी वा बोर्डले सम्झौता बमोजिम निर्माण सामाग्रीको आपूर्ति गर्न नसकेमा वा ठेक्का बमोजिमको काम गर्नुपूर्व गरिदिनु पर्ने कुनै काम कुरा नगरेमा र सो नगरी ठेक्का बमोजिमको काम हुन नसक्ने भइ वा डिजाइन, ड्इङ्गइष्टमेट परिवर्तन गर्नुपर्ने भई तोकिएको म्यादभित्र गर्न नसक्ने भएमा ठेकेदारले सो को कारण खुलाई काम पूरा हुनु पर्ने अवधि भन्दा कम्तीमा पन्ध्र दिन अगावै बोर्ड समक्ष म्याद थपको लागि दर्खास्त दिनु पर्नेछ र निजले पेश गरेको कारण मनासिब देखिएमा बोर्डले म्याद थप गर्न सक्नेछ ।

(२) ठेकेदारको ढिलाईको कारणबाट ठेक्का सम्झौतामा लेखिएको म्यादभित्र ठेक्काको काम पूरा हुन नसकेमा ठेकेदारले शुरुमा कबुल गरेको ठेक्का रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले हर्जाना लिने गरी म्याद थप गरिदिन सकिनेछ ।

**३४. बीचमा ठेक्का तोडेमा हुने कारवाई:** कुनै ठेकेदारले सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी बीचमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा बोर्डले ठेक्का तोड्न सक्नेछ । त्यसरी ठेक्का तोडिएमा जमानत वापत राखेको पूरै रकम जफत हुनेछ र अपूरो काम पूरा गर्न ठेक अंक भन्दा जे जति बढी खर्च पर्दछ सो रकम ठेकेदारको बीलबाट कटाएको जुनसुकै रकम तथा भुक्तानी लिन बाँकी रकमबाट असूल उपर गर्नु पर्दछ ।

## परिच्छेद ६
## निकासा तथा आर्थिक विवरण सम्बन्धी व्यवस्था

**३५. चौमासिक रुपमा निकासा दिइने:** (१) बोर्डबाट ऐन बमोजिम रकम प्राप्त गर्ने सडक सम्बन्धी निकायले बोर्डबाट आफूले कार्यान्वयन गर्ने कार्यक्रम स्वीकृत भएको सातदिनभित्र बोर्डले तोकेको ढाँचामा रकम निकासा माग गर्नु पर्नेछ ।

(२) बोर्डले सडक सम्बन्धी निकायलाई रकम उपलब्ध गराउँदा चौमासिक रुपमा निकासा दिनेछ ।

**३६. चौमासिक रुपमा आर्थिक विवरण पठाउनु पर्ने:** (१) बोर्डबाट ऐन बमोजिम रकम प्राप्त गर्ने सडक सम्बन्धी निकायले प्रत्येक चार महिनामा बोर्डले तोकेको ढाँचामा बोर्डबाट उपलब्ध गराइएको रकमको आर्थिक विवरण बोर्डमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पठाइएको आर्थिक विवरणको आधारमा बोर्डले सम्बन्धित सडक सम्बन्धी निकायलाई चौमासिक रकम निकासा गर्नेछ ।

**३७. वार्षिक आर्थिक विवरण पठाउनु पर्ने:** बोर्डबाट ऐन बमोजिम रकम प्राप्त गर्ने सडक सम्बन्धी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र बोर्डले तोकेको ढाँचामा बोर्डबाट उपलब्ध गराइएको रकमको आर्थिक विवरण बोर्डमा पठाउनु पर्नेछ ।

**३८. विवरण जाँची पठाउने:** नियम ३६ र ३७ बमोजिम विवरण प्राप्त भएपछि बोर्डले सो विवरण जाँची कुनै कुरा नमिलेको भए सो व्यहोरा समेत उल्लेख गरी सडक सम्बन्धी निकायलाई जानकारी दिनु पर्नेछ र सडक सम्बन्धी निकायले पनि बोर्डबाट लेखी आए बमोजिम नमिलेको कुरा मिलाई हिसाब दुरुस्त गरी राख्नु पर्नेछ ।

**३९. केन्द्रीय हिसाब राख्नु पर्ने:** बोर्डले बोर्डबाट निकासा भएको रकमको सडक सम्बन्धी प्रत्येक निकायगत रुपमा र स्वीकृत कार्यक्रमगत रुपमा अलग अलग केन्द्रीय हिसाब राख्नु पर्नेछ ।

## परिच्छेद ७
## लेखा राख्ने तरिका र लेखा परीक्षण

**४०. लेखा राख्ने तरिका:** (१) बोर्डको कारोबारको लेखा ऐनको दफा २७ बमोजिम श्री ५ को सरकारको स्रेस्ता प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) लेखा राख्दा कारोबारसँग सम्बन्धित प्रमाणित कागजातहरु सिलसिलेवार ढंगले मिल्ने गरी राख्नु पर्नेछ ।

**४१. आन्तरिक लेखा परीक्षण गराउनु पर्ने:** (१) बोर्डको लेखा नियमित रुपमा राखिए नराखिएको विषयमा बोर्डबाट आन्तरिक लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) आन्तरिक लेखा परीक्षकबाट कुनै विषयमा असूल उपर गर्नुपर्ने वा नियमित गर्नु पर्ने देखिएको विषयमा अन्तिम लेखा परीक्षण हुनु अगावै असूल उपर वा नियमित गर्ने गराउने दायित्व कार्यकारी निर्देशकको हुनेछ र कुनै विशेष कारण परी असूल उपर वा नियमित हुन नसकेमा सो को लिखित स्पष्टीकरण अन्तिम लेखा परीक्षक समक्ष पेश गर्नु पर्नेछ ।

**४२. अन्तिम लेखा परीक्षणबाट देखिएको बेरुजू फछ्र्यौट सम्बन्धी कारवाई:** (१) बोर्डको लेखाको ऐनको दफा २७ बमोजिम अन्तिम लेखा परीक्षण गराउँदा देखिएको बेरुजू फछ्र्यौट गर्न लगाउने दायित्व कार्यकारी निर्देशकको हुनेछ ।

(२) अन्तिम लेखा परीक्षणबाट देखिएको बेरुजू बोर्डको कुनै कर्मचारीको नाममा देखिएको भए त्यस्तो कर्मचारीले सो बेरुजू नियमित गराउन आवश्यक पर्ने कागजपत्र तथा प्रमाण पेश गरी बेरुजू फछ्र्यौट नगराएसम्म तथा असूल उपर गर्नुपर्ने बेरुजूको रकम दाखिला नगरेसम्म निजले अवकाश उप्रान्त बोर्डबाट प्राप्त गर्ने कुनै पनि रकम दिइने छैन ।

**४३. निरीक्षण गर्न सक्ने:** समितिले सडक सम्बन्धी निकायले बोर्डबाट निकासा लिई कार्यान्वयन गरेको कार्यक्रमसँग सम्बन्धित खर्चको लेखा वा तत्सम्बन्धी कागजातको आवश्यकतानुसार समय समयमा निरक्षिण गर्न सक्नेछ ।

## परिच्छेद ८
## पेश्की सम्बन्धी व्यवस्था

**४४.पेश्की दिन सक्ने:** (१) बोर्डको कामको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति पेश्की रकम चाहिने भन्ने विवरण खुलाई पेश गर्नु पर्नेछ र त्यसरी पेश गरेको विवरण मनासिब देखिएमा स्वीकृति दिने अधिकारीले पेश्की दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम पेश्की दिदा तलब पेश्कीको हकमा निजको एक महिनाको तलब ननाघ्ने गरी र अन्य कामको लागि भए जुन कामको लागि पेश्की माग गरेको हो सो कामको लागि आवश्यक पर्ने भन्दा बढी नहुने गरी पेश्की दिनु पर्नेछ।

(३) यस नियम बमोजिम पेश्की दिँदा एउटै कामको लागि दुई भन्दा बढी पटक पेश्की दिइने छैन र अर्को कुनै कामको लागि पेश्की दिनु परेमा पहिले लिएको पेश्की फछ्र्यौट गर्नु पर्नेछ।

(४) निर्माण सम्बन्धी कामको लागि ठेकेदारलाई पेश्की दिंदा एकै पटक वा पटक पटक गरी सम्झौता रकमको बीस प्रतिशतभन्दा बढी पेश्की दिनु हुँदैन।

**४५. पेश्की फछ्र्यौट गर्नुपर्ने म्याद:** देहायको पेश्की देहायको म्यादभित्र फछ्र्यौट गर्नु पर्नेछ:-

(क) ~~दैनिक तथा भ्रमण भत्ता पेश्की भ्रमणबाट फर्केको १५ दिनभित्र,~~

(ख) प्रतितपत्रद्वारा मालसामान झिकाउँदा लिएको पेश्की मालसामान बोर्डमा दाखिल भएको ७ दिनभित्र,

(ग) मालसामान खरिद गर्न लिएको पेश्की स्वीकृत भ्रमण अवधि समाप्त भएको ७ दिनभित्र,

(घ) अन्य प्रकारको पेश्की जुन कामको लागि पेश्की लिएको हो सो काम समाप्त भएको ३५ दिनभित्र।

**४६.पेश्की दिँदा बैंक ग्यारण्टी लिनुपर्ने:** बोर्डको मालसामान खरिद गर्न, सेवा उपलब्ध गर्न वा निर्माण कामको निमित्त बोर्डको कर्मचारी बाहेक अन्य कुनै व्यक्ति, फर्म, कम्पनी वा फर्मलाई पेश्की दिँदा पेश्की रकम बराबरको बैंक ग्यारण्टी लिनु पर्नेछ।

**४७.कारवाही गरिने:** (१) नियम ४४ बमोजिम लिएको पेश्की नियम ४५ बमोजिम समयमा फछ्र्यौट नगरेमा वार्षिक दश प्रतिशतका दरले ब्याज समेत लगाई असूल उपर गरिनेछ।

(२) बोर्डको कुनै कर्मचारीले लिएको पेश्की समयमा फछ्र्यौट नगरेमा उपनियम (१) बमोजिम ब्याज असूल उपर गरी विभागीय कारवाही समेत गरिनेछ।

**४८.म्याद थप गर्न सकिने:** कसैले यस नियमावली बमोजिम लिएको पेश्की म्यादभित्र फछ्र्यौट गर्न नसक्ने मनासिब कारण खुलाई बोर्डमा निवेदन दिएमा कार्यकारी निर्देशकले बढीमा ३५ दिनसम्मको म्याद थप गर्न सक्नेछ।

## परिच्छेद ९
## दैनिक तथा भ्रमण भत्ता सम्बन्धी व्यवस्था

**४९. बोर्डको काममा भ्रमणमा खटाउन सक्ने:** कार्यकारी निर्देशक वा निजले अधिकार दिएको अधिकारीले बोर्डको काममा बोर्डको कुनै कर्मचारीलाई भ्रमण गर्ने स्थान, भ्रमणको कारण, भ्रमणको साधन आदि व्यहोरा खुलाई नेपाल अधिराज्यभित्र वा बाहिर भ्रमणमा खटाउन सक्नेछ ।

**५०. भ्रमण वापतको खर्च:** (१) बोर्डको कर्मचारीले नेपाल अधिराज्य भित्र वा बाहिर नियम ४९ बमोजिम बोर्डको काममा भ्रमण गर्दा भ्रमण आदेशमा उल्लेख भए बमोजिमको साधनबाट भ्रमण गर्दा लागेको टिकट बमोजिमको खर्च भुक्तानी दिइनेछ ।

(२) भ्रमणको साधन नभई पैदल भ्रमण गर्नु परेमा प्रतिदिन दैनिक भत्ता बराबरको थप रकम दिइनेछ ।

**५१. दैनिक भत्ता पाउने:** (१) काठमाण्डौ उपत्यका बाहिर वा नेपाल अधिराज्य बाहिर रात बिताउनु पर्ने गरी भ्रमणमा खटिएको व्यक्तिले देहाय बमोजिमको दैनिक भत्ता पाउनेछः-

| भ्रमण गर्ने व्यक्तिको तह | भ्रमण गर्ने स्थान | | | | | |
|---|---|---|---|---|---|---|
| | नेपाल अधिराज्यभित्र | | | | नेपाल अधिराज्य बाहिर | |
| | भ्रमण गर्ने जिल्लाको वर्गीकरण दर: नेपाली रुपैयाँमा | | | | भ्रमण गर्ने मुलुकको वर्गीकरण | |
| | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | सिंगापुर र जापान बाहेकका एशियाली मुलुकदर: अमेरिकी डलरमा | एशिया बाहेक अन्य महादेशका मुलुक र सिंगापुर, जापानदर: अमेरिकी डलरमा |
| बोर्डको कार्यकारी समितिको अध्यक्ष लगायत सदस्यहरु | ६०० | ५५० | ५०० | ४५० | १२५ | १५० |
| कार्यकारी निर्देशक | ५५० | ५०० | ४५० | ४०० | १२५ | १५० |
| निर्देशक, वरिष्ट इञ्जिनियर, वरिष्ट प्रशासन अधिकृत, वरिष्ट वित्त अधिकृत | ५०० | ४५० | ४०० | ३५० | १०० | १२५ |
| अन्य अधिकृत स्तरको कर्मचारी | ४५० | ४०० | ३५० | ३०० | १०० | १२५ |
| सहायक स्तरको कर्मचारी | ४०० | ३५० | ३०० | २५० | ८० | १०० |
| श्रेणी विहीन कर्मचारी | ३५० | ३०० | २५० | २०० | ७० | ८० |

द्रष्टव्यः यस नियमको प्रयोजनको लागि नेपाल अधिराज्यका जिल्लाहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

१. "क" वर्ग: दार्चुला, बझाङ्ग, बाजुरा, हुम्ला, मुगु, जुम्ला, कालिकोट, डोल्पा, मुस्ताङ्ग, मनाङ्ग, सोलुखुम्बु ।

२. "ख" वर्ग: धादिङ्ग, रसुवा, दोलखा, गोरखा, सिन्धुपाल्चोक, संखुवासभा, ताप्लेजुङ्ग, डोटी, अछाम, दैलेख, जाजरकोट, रुकुम, रोल्पा, म्याग्दी, रामेछाप, खोटाङ्ग, ओखलढुङ्गा, भोजपुर, तेह्रथुम, पाँचथर, वैतडी, डडेल्धुरा, सल्यान ।

३. "ग" वर्ग: बाग्लुङ्ग, गुल्मी, पर्वत, लमजुङ्ग, प्युठान, सुर्खेत, अर्घाखाँची, पाल्पा, स्याङ्गजा, तनहुँ, सिन्धुली, उदयपुर, धनकुटा, इलाम ।

४. "घ" वर्ग: नेपाल अधिराज्यका बाँकी जिल्लाहरु ।

(२) भ्रमणमा गई फर्केको दिनको लागि आधा दिनको मात्र दैनिक भत्ता दिईनेछ ।

**५२. भैपरि आउने खर्च दिइने:** बोर्डको निर्णय बमोजिम कुनै अन्तराष्ट्रिय सम्मेलन, समारोह, वार्ता वा वैठकमा जाँदा बोर्डले निर्णय गरे बमोजिमको भैपरि खर्च दिइनेछ ।

## परिच्छेद १०
## विविध

**५३. लिलाम बिक्री सम्बन्धी व्यवस्था:** (१) बोर्डको कुनै जिन्सी मालसामान काममा आउन नसक्ने भएमा वा मर्मत सम्भार हुन नसक्ने भएमा वा मेशिनरी औजार, भारी उपकरण, सवारी साधन आदि चालू हालतको भए पनि कुनै कारणले मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन बढी खर्च लाग्ने भएमा वा यान्त्रिक दृष्टिले अनुपयुक्त भएमा सम्बन्धित प्राविधिकबाट सो मालसामानको निरीक्षण गराई परल मोल ५ लाख रुपैयाँसम्मको भए कार्यकारी निर्देशकले र सो भन्दा माथिको भए समितिले लिलाम बिक्री गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्नुपूर्व कार्यकारी निर्देशकले सम्बन्धित प्राविधिक समेत सम्बन्धित कर्मचारीहरु रहेको एउटा मुल्यांकन समिति गठन गरी परल मुल्य यकीन नभएको सामानको हकमा परल मुल्य तथा लिलाम बिक्री गरिने सामानको न्युनतम् मुल्य यकीन गराउनु पर्नेछ ।.

(३) लिलाम बिक्री गर्दा एकपटकमा न्युनतम मुल्य १ लाख रुपैयाँसम्म भएको मालसामान सिधै वार्ताबाट,१ लाख रुपैयाँभन्दा बढी ५ लाख रुपैयाँसम्मको मालसामान शिलबन्दी कोटेशनको माध्यमबाट र ५ लाख रुपैयाँभन्दा बढी मुल्यको मालसामान बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्नेछ ।

**५४. मिन्हा सम्बन्धी व्यवस्था:** बोर्डको जिन्सी मालसामान कसैको लापरवाहीबाट नभई पुरानो भई वा मर्मत सम्भार गरेर पनि काम नचल्ने वा दैवी घटना वा भवितव्य परी वा अन्य मनासिब कारणले मालसामानको नोक्सानी भएमा वा लिलाम बिक्री हुन नसकेमा सम्बन्धित प्राविधिकबाट सो सम्बन्धी प्रतिवेदन लिई मिन्हा गर्नुपर्ने स्पष्ट कारण खुलाई एक पटकमा परल मुल्य पचास रुपैयाँसम्मको मालसामान भए कार्यकारी निर्देशकले र सो भन्दा बढीको मालसामान भए समितिले मिन्हा गर्न सक्नेछ । परल मुल्य यकीन हुन नसकेकोमा प्रचलित बजार भाउ समेत बुझी सम्बन्धित

प्राविधिकबाट प्रतिवेदन लिई परल मुल्य यकीन गर्नु पर्नेछ ।

**५५. निर्देशिका जारी गर्न सक्ने:** (१) सडक सम्बन्धि निकायहरुले बोर्डबाट रकम निकासा लिई खर्च गर्दा अपनाउनु पर्ने प्रकृया सम्बन्धमा बोर्डले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

(२) बोर्डबाट रकम निकासा लिई खर्च गर्ने सडक सम्बन्धी निकायहरुले बोर्डले उपनियम (१) बमोजिम जारी गरेको निर्देशिका पालना गर्नु पर्नेछ ।

**५६. बोर्डको विशेष अधिकार:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष कारण परेमा समितिले सो विशेष कारण खुलाई कुनै खरिद वा निर्माण कार्य गराउने वा कुनै प्राविधिक वा परामर्श सेवा लिने सम्बन्धमा अन्य कुनै छिटो तरिका अपनाई त्यस्तो खरिद वा निर्माण कार्य गराउने वा कुनै प्राविधिक वा परामर्श सेवा लिने आदेश दिन सक्नेछ ।

**५७. अधिकार प्रत्यायोजन:** यस नियमावलीमा व्यवस्था भएका निम्न विषयसँग सम्बन्धित अधिकार बाहेक अन्य अधिकार सो अधिकार प्रयोग गर्ने अधिकारीले आफ्नो उत्तरदायित्वमा आफू मातहतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ:-

(क) मिन्हा दिने अधिकार,

(ख) नियम ५३ बमोजिमको अधिकार,

(ग) योजना, लागत अनुमान स्वीकृत गर्ने अधिकार,

(घ) कबुलियतनामा, सम्झौतामा संशोधन गर्ने अधिकार,

# खण्ड (च)

## सडक दस्तूर उठाउने कार्यविधि सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६३

## सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धि (पहिलो संशोधन) नियमावली २०६३

***सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धि नियमावली, २०६० लाई संशोधन गर्न वाञ्छनीय भएकोले सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई बोर्डले देहायका नियमहरु बनाएको छ ।***

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम **"सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धि (पहिलो संशोधन) नियमावली, २०६३"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल नियमावलीको नियम ८ उपनियम (१) को सट्टा नियम ८ उपनियम (१) राखिएको छ : "बोलपत्रको माध्यमद्वारा दस्तूर उठाउनुपर्ने :** (१) बोर्डले सडक उपभोग गरे वापत ऐनको दफा ७ को उपदफा (३) बमोजिम कुनै व्यक्ति वा संस्था मार्फत दस्तूर उठाउन चाहेमा त्यस्तो व्यक्ति वा संस्थाको छनौट बोलपत्रको माध्यमद्वारा गर्नुपर्नेछ ।

३. **सडक दस्तुर उठाउने कार्यविभि सम्बन्धि नियउमावली, २०६० को नियम ९ मा संशोधन :** सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धि नियमावली, २०६० (यस पनि "मूल नियमावली" भनिएको) को नियम ९ को उपदफा (३) को खण्ड (छ) झिकिएको छ ।

४. **मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :**

**"१०. बोलपत्र सम्बन्धि कागजात खरिद गर्नुपर्ने :** वोलपत्र दाखिला गर्नेले नियम बमोजिम स्वीकृत भएको र बोर्डको छाप लागेको वोलपत्र दश हजार रुपैयाँ तिरी खरिद गर्नु पर्नेछ ।"

५. **मूल नियमावलीको नियम १६ मा संशोधनः** मूल नियमावलीको नियम १६ को

(१) उपनियम (१) मा रहेको "साढे दुई" भन्ने शब्दहरुको सट्टा "दश" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) मा रहेको "ठेक अङ्कको पाँच प्रतिशतको हुने" भन्ने शब्दहरुको सट्टा "तीन महिनाको ठेक अङ्क बराबरको" भन्ने शब्दहरु राखिएका छन् ।

६. **कस्मूल नियमावलीको नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १७ को-

(१) उपनियम (१) मा रहेको "सूचना पठाउँदा सात दिन भित्र" भन्ने शब्दहरुको सट्टा "सूचना पठाउँदा पन्ध्र दिन भित्र परफरमेन्स सेक्यूरिटी, इन्स्योरेन्स पोलिसिको विवरण र एक महिनाको ठेक्का अङ्क बराबरको रकम सहित" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थप गरिएको छ :-

"(४) उपनियम (३) बमोजिम ठेक्का सम्झौता गर्ने व्यक्ति वा फर्मले सो ठेक्का सम्झौता सम्पन्न भएको मितिले २८ दिनसम्ममा सडक उपभोग गरेवापतको दस्तुर संकलन कार्य सुरु गरिसक्नु पर्नेछ ।"

७. **मूल नियमावलीमा नियम १९ थपः** मूल नियमावलीको नियम १८ पछि देहायको नियम १९ थप गरिएको छ ।

"१९. यस नियमावली बमोजिम ठेक्का सम्झौता सम्पन्न हुन नसकेमा वा ठेक्का सम्झौता अवधिभन्दा पहिले नै ठेक्का सम्झौता भंग भएमा वा अन्य कुनै कारणले सडक उपभोग दस्तुर संकलन हुन नसकेमा बोर्डले सडक उपभोग दस्तुर संकलनको लागि अन्य वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।"